# आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा अध्ययन

## प्रतिवेदन

२०७७

सामाजिक विकास मन्त्रालय

गण्डकी प्रदेश

पोखरा

# आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा

# अध्ययन प्रतिवेदन

# २०७७

**अध्ययन टोली**


संयोजक, श्री रेशम वहादुर सुवेदी, उपप्राध्यापक, श्री पृथ्वी नारायण क्याम्पस, पोखरा
सदस्य, श्री तेजप्रसाद काफ्ले ,उपसचिव, सामजिक विकास मन्त्रालय, गण्डकी प्रदेश
सदस्य, श्री दामोदर सुवेदी, उपसचिव, सामजिक विकास मन्त्रालय, गण्डकी प्रदेश
सदस्य, श्री तोयनाथ लम्साल, उपसचिव, सामजिक विकास मन्त्रालय, गण्डकी प्रदेश
सदस्य, श्री ज्योतिप्रसाद रेग्मी, उपप्राध्यापक, श्री पृथ्वी नारायण क्याम्पस, पोखरा
सदस्य- सचिव, श्री टंकप्रसाद ढकाल, शाखा अधिकृत, सामजिक विकास मन्त्रालय

# प्रतिवेदन सार

गण्डकी प्रदेशमा "**आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा अध्ययन, २०७६**" शीर्षकमा प्रदेश अन्तर्गत स्थानीय तहबाट सञ्चालन तथा व्यवस्थापन हुने आधारभूत तह (कक्षा८) को अन्त्यमा लिइने परीक्षा सञ्चालनको अवस्था पत्ता लगाउने, परीक्षाको स्तरीयता, प्रमाणीकरण र समकक्षतामा एकरुपता कायम गर्न आवश्यक कार्यसूची पेश गर्ने एवं परीक्षाको थप सुधारका लागि प्रदेश स्तरवाट गर्न सकिने सम्भाव्य कार्यसूचि सहितको सुझाव दिने उद्देश्य यो अध्ययन गरिएको हो । अध्ययन मिश्रित अनुसन्धान ढाँचामा आधारित छ । गण्डकी प्रदेश अन्तर्गतका सामुदायीक विद्यालयहरुलाई अध्ययनको जनसंख्याको रुपमा लिई सुविधाजनक र उद्देश्यमूलक नमुना छनौट बिधि प्रयोग गरी छनौटमा परेका स्थानीय तहहरु र त्यस अन्तर्गतका कम्तीमा २/२ वटा सामुदायीक विद्यालयका परीक्षा केन्द्रहरु, केन्द्राध्यक्ष, प्रश्नपत्र निर्माणकर्ता, उत्तरपुस्तिका परीक्षकलाई उत्तरदाताको रुपमा छनौट गरिएको थियो । अध्ययनको क्रममा अन्तर्वार्ता प्रश्नावली, अवलोकन फारम, अन्तर्वार्ता निर्देशिका जस्ता सूचना संकलनका साधनहरु प्रयोगमा ल्याइएको थियो । यस अध्ययनका मुख्य प्राप्ति, निश्कर्ष र सुझावहरु यस प्रकार रहेका छन ।

परीक्षा सञ्चालन सम्वन्धमा स्थानीय तहको फरक फरक कानूनी अभ्यास रहेको छ । सबै स्थानीय तहहरुमा परीक्षा समितिहरु गठन गरिएका छन् तर समिति गठनको अभ्यास फरक फरक छन् । प्रश्नपत्र निर्माण कर्ताको छनौट,प्रश्नपत्र निर्माण कर्तालाई अभिमुखिकरण सम्वन्धमा स्थानीय तहहरुमा एकरुपता पाउन सकिएको छैन ।प्रश्नपत्र निर्माण र परिमार्जनमा पनि फरक फरक अभ्यासहरु रहेका छन । परीक्षा सञ्चालनमा स्थानीय तहको शिक्षा ऐन, कार्यविधि साथै मौजुदा शिक्षा ऐन अनुसार भएका छन् ।प्रश्नपत्र निर्माणमा विशिष्टीकरण तालिकालाई आधार वनाइएको छ, तर प्रश्नपत्रको गुणस्तर स्वयं प्रश्नपत्र निर्माताको स्वःविवेकमा निर्भर रहेको छ । कुनै पनि स्थानीय तहमा व्यवस्थित प्रश्न बैंकहरु छैनन् । प्रश्नपत्रको सर्वाधिकार परीक्षा समितिमा नै रहेको छ । प्रश्नपत्रको ढुवानी र त्यस पछिको सम्पूर्ण जिम्मेवारी केन्द्राध्यक्षको रहेको छ।केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्षलाई दिइने अभिमुखिकरणमा समेत एकरुपता पाउन सकिएको छैन।प्रश्नपत्रछपाइमा एकरुपता भए पनि उत्तरपुस्तिका छपाइमा एकरुपता पाइएको छैन । परीक्षा सञ्चालनमा स्तरीयता ल्याउन स्थानीय तह अनुसार सम्भाव्य प्रयासहरु भएका छन् ।उत्तरपुस्तिका परीक्षणमा पनि फरक फरक अभ्यासहरु रहेका छन् । परीक्षालाई मर्यादित एवं व्यवस्थित वनाउन र एकरुपता कायम गर्न प्रदेश तहबाट थप अपेक्षा गरिएको छ । विश्वभर एवं मुलुकमा कोभिड-१९ को बन्दाबन्दीको कारणले उत्तरपुस्तिका परीक्षण पश्चातका कार्यहरुमा प्रत्यक्ष प्रभाव पारेको छ ।ग्रेड वृद्धि परीक्षा सञ्चालनको विकल्पमा कृपाङ्क दिने व्यवस्था गरी विद्यार्थीहरुको ग्रेड वृद्धि गरेको देखिन्छ । यस प्रतिकूल अवस्थामा पनि नतिजाका आधारमा

विद्यालय र विद्यार्थीको भावी शैक्षिक योजना निर्माणमा सरोकारवालाहरुको प्रतिवद्धता राम्रो मान्न सकिन्छ ।

परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा सबै स्थानीय तहहरुको लागि प्रदेशस्तरीय मापदण्ड आवश्यक देखिन्छ। स्थानीय तहहरुमा परीक्षा समितिको गठनमा एकरुपता ल्याउन आवश्यक छ । प्रश्नपत्र निर्माण सम्वन्धी कार्यमा एकरुपता ल्याउन र स्थानीय तहअनुसार आधारभूत तह उत्तीर्ण परीक्षाका प्रश्नपत्रको विश्लेषण (कठिनाई स्तर, विभेदीकरण सूचक, र विकर्षहरुको प्रभावकारिता) भएका स्तरीय प्रश्नपत्र सहितको प्रश्नबैंक निर्माणमा प्रदेश तहबाट आवश्यक पहल गर्नुपर्ने हुन्छ । प्रत्येक विद्यालयमा परीक्षा समिति गठन गर्न लगाई तालिम समेत प्रदान गरी परीक्षाका कामहरुमा जिम्मेवार वनाउनु आवश्यक छ। परीक्षा सञ्चालनमा स्तरीयता ल्याउन परीक्षा सञ्चालन सम्वन्धी मापदण्ड तयार गरी पूर्णरुपमा कार्यान्वयन गर्न सहजीकरण गर्नुपर्दछ । उत्तरपुस्तिका परीक्षणमा एकरुपता ल्याउन प्रश्नपत्र निर्माणकर्तालाई नै अङ्कन निर्देशिका/उत्तरकुञ्जिका समेत निर्धारण गर्न लगाउनु पर्ने , परीक्षालाई मर्यादित र व्यवस्थित वनाउन र एकरुपता ल्याउन प्रदेश तहबाट भएका अपेक्षा पूरा गर्न पहल गर्नुपर्ने, स्थानीय तहले ग्रेड वृद्धि परीक्षा सञ्चालनको विकल्पमा एकमुस्ठ अङ्क दिने व्यवस्था गरी विद्यार्थीहरुलाई ग्रेड वृद्धि गर्नुपर्ने अवस्था आउन नदिन सरोकारवालाहरुसँग छलफल गरी आवश्यक कार्य योजना वनाउनु पर्ने हुन्छ । विद्यार्थीको नतिजालाई आधार मानी सरोकारवालासँग छलफल गरी विद्यालयको भाावी शैक्षिक योजना निर्माण गर्न आवश्यक छ ।

## हाम्रो भनाई

गुणस्तरीय शिक्षा आजको मुख्य चासोको विषय हो । गुणस्तरीय शिक्षाको लागि विद्यालय शिक्षामा पहुँच र प्राप्तिको अवस्था आवश्यक रहन्छ । अबको शैक्षिक चासो शैक्षिक गुणस्तरको हो । गुणस्तरीय शिक्षाका लागि गुणस्तरीय शिक्षण सिकाइ हुनुपर्छ । गुणस्तरीय शिक्षण भयो वा भएन छुट्टाउने आधार नै विद्यार्थी मूल्याङ्कन हो । विद्यार्थी मूल्याङ्कन विशिष्ट आधारमा विश्वसनीय तवरवाट हुनु आवश्यक छ । यसका लागि परीक्षामा उपयुक्त प्रश्नपत्रहरु सहितको प्रश्नपत्र र परीक्षा केन्द्र अनुकूल भौतिक तथा मनोवैज्ञानिक वातावरण आवश्यक हुन्छ । आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा विगतका वर्षहरुमा जिल्लास्तरवाट सञ्चालन हुन्थ्यो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको व्यवस्था अनुसार गत वर्षदेखि सो परीक्षा स्थानीय तहवाट व्यवस्थापन र सञ्चालन हुँदै आएको छ । स्थानीय तहहरुका लागि यो नयाँ जिम्मेवारी, अवसर र चुनौति पनि हो । त्यसैले यसमा विविधता हुनु स्वभाविक हुन जान्छ । तिनै विविधता हरुका विचमा एकरुपता कायम गरी गण्डकी प्रदेशमा आधारभूत तहको परीक्षामा गुणस्तरीयता र एकरुपता ल्याउने उद्देश्यले यो अध्ययनको प्रयास गरिएको हो ।

यस अध्ययनवाट प्राप्त सुझाव प्रदेश तहवाट एसईई. परीक्षाको व्यवस्थापन र सञ्चालनमा समेत उपयोगी हुने विश्वास लिइएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आधारभूत तह कक्षा आठको अन्त्यमा हुने परीक्षा सञ्चालन,अनुगमन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ । सोहि अनुसार गण्डकी प्रदेश अर्न्तगत सञ्चालित कक्षा ८ को परीक्षा सञ्चालन सम्वन्धमा भएका अभ्यास अध्ययन गरी परीक्षा सञ्चालन र व्यवस्थापनमा गुणस्तरीयता एवं एकरुपता कायम गर्न आवश्यक पहल गर्न सम्वन्धीत सरोकारवालाहरुलाई समेत यस अध्ययनले सहयोग पुर्‍याउने विश्वास लिइएको छ । प्रदेश स्तरका शैक्षिक योजना निर्माण र कार्यक्रमहरुको छनौटमा पनि सहयोग पुग्ने नै छ । स्थानीय स्तरका परीक्षा केन्द्र, शिक्षक, प्रधानाध्यापक, प्रश्नपत्र निर्माता, उत्तरपुस्तिका परीक्षक, संपरीक्षक, शिक्षा प्रशासनमा सग्लग्न व्यक्तिहरु,अभिभावकहरुलाई समेत पृष्ठपोषण प्रदान गर्नसक्ने देखिन्छ । यस अध्ययनमा आ-आफ्नो क्षेत्रवाट सहयोग पुऱ्याउनु हुने गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालय, अध्ययन नमुना छनौटमा परेका स्थानीय तहहरु, स्थानीय तहका जनप्रतिनिधि, शिक्षा शाखामा कार्यरत कर्मचारीहरु, परीक्षा केन्द्रका केन्द्राध्यक्षहरु, प्रश्नपत्र निर्माणकर्ताहरु, उत्तरपुस्तिका परीक्षकहरु, सबै धन्यवादका पात्र हुनुहुन्छ । साथै पाठक वर्गबाट रचनात्मक समीक्षाको अपेक्षा पनि गरिएको छ ।

संयोजक
श्री रेशमबहादुर सुवेदी
आधारभूत तह (कक्षा ८) उत्तीर्ण
परीक्षा अध्ययन समूह ।

विषयसूची

प्रतिवेदन सार ........ 2

हाम्रो भनाई ........ 4

परिच्छेद - एक ........ 1

परिचय ........ 1

१.१ अध्ययनको पृष्ठभूमि ........ 1

१.२ अध्ययनका उद्देश्यहरु ........ 2

१.३ परिभाषित शब्दावलीः ........ 2

१.४ अध्ययन विधि ........ 2

१.५ अध्ययनको जनसंख्याः ........ 3

१.६ नमुना छनौटः ........ 3

१.७ अध्ययनका साधनहरूको निर्माण ........ 4

१.८ साधनहरूको वैधता ........ 5

१.९ सूचनाको स्रोत ........ 5

१.१० सूचना सङ्कलन प्रक्रिया ........ 5

१.११ सूचनाहरूको व्याख्या र विश्लेषण ........ 5

परिच्छेद - दुई ........ 6

परीक्षा व्यवस्थापन वश्लेषण ........ 6

२.१ परीक्षणको पूर्व तयारीः ........ 6

२.१.१ परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कानुनी व्यवस्था ........ 6

२.१.२ परीक्षा स मतिको गठन ........ 7

२.१.३ प्रश्नपत्र निर्माणकर्ताको छनौट ........ 9

२.१.४ प्रश्नपत्र निर्माणकर्तालाई ता लमको व्यवस्था ........ 9

२.१.५ प्रश्नपत्र निर्माण सम्वन्धमा भएका अन्य अभ्यासहरु ........ 10

२.१.६ उत्तर कुञ्जिकाको निर्माण ........ 12

२.१.७ प्रश्नपत्रछपाइ, सुरक्षा र गोपनीयताको सुनिश्चितता ........ 13

२.१.८ प्रश्नपत्र वतरण ........ 14

२.१.९ केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्ष परीक्षा अ भमुखीकरण ........ 14

२.१.१० वतरण भएका प्रश्नपत्रहरुको गोपनीयता र सुरक्षा ........ 15

२.१.११ परीक्षा सम्बन्धी निर्देशन ........ 16

२.२ परीक्षा सञ्चालन र अङ्कन ........ 17

२.२.१ परीक्षा सञ्चालनको अवस्था : ........ 17

२.२.२ उत्तरपुस्तिका परीक्षण सम्बन्धी व्यवस्था ........ 19

२.२.३ उत्तरपुस्तिका परीक्षण र अङ्कन प्र क्रया ........ 20

२.२.४ वद्यार्थीका उत्तरहरुसँग असम्बन्धित तत्वहरुको बारेमा निर्णय ........ 20

२.२.५ परीक्षणसँग सम्बन्धित परीक्षकका धारणाहरु ........ 20

२.३ नतिजा तयारी र प्रयोग ........ 21

२.३.१ नतिजाको पूर्व तयारी ........ 21

२.३.२ नतिजाको अन्तिम तयारी ........ 21

२.३.३ नतिजाको वश्लेषण ........ 22

२.३.४ नतिजाको जानकारी ........ 22

२.३.५ नतिजाको उपयोग ........ 22

२.४ परीक्षा सुधारको ला ग गरिएको अपेक्षा ........ 22

परिच्छेद - तीन ........ 24

प्राप्ति, निश्कर्ष र सुझाव ........ 24

प्राप्ति : ........ 24

निश्कर्ष ........ 25

सुझावहरु ........ 26

सन्दर्भ सूची ........ 27

अनुसूची : १ ........ 28

अनुसूची : २ ........ 29

अनुसूची : ३ ........ 31

अनुसुची ४ ........ 33

अनुसूची : ५ ........ 35

अनुसूची : ६ ........ 36

# परिच्छेद - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

परीक्षणलाई शैक्षिक कार्यक्रमको एक महत्वपूर्ण अंगको रुपमा लिने गरिन्छ । निर्धारित पाठ्यक्रम अनुरुप विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउनको लागि शैक्षिक कार्यक्रम सञ्चालन गरिएको हुन्छ । पाठ्यक्रमले अपेक्षा गरे अनुसार उद्देश्यहरु के कति मात्रामा पूरा भए ? समग्र शैक्षिक प्रक्रिया के कस्तो रह्यो भनेर मूल्याङ्कनको लागि परीक्षा सञ्चालन गरिन्छ । परीक्षणले शिक्षण सिकाइ उपलब्धी सँगै शिक्षण सिकाइमा रहेका कमीकमजोरी पत्ता लगाई सुधारको लागि सहयोग गर्दछ । परीक्षणले विद्यार्थीमा शिक्षण सिकाइ मार्फत विकास भएको ज्ञान, सीप, दक्षता एवं प्रवीणता समेतको मूल्याङ्कनको लागि सहयोग गर्दछ । शैक्षिक संस्थामा उपलब्धी परीक्षणको प्रयोग गरिन्छ । Perform, Linn and Mllier, 2009:26 लाई उदृत गर्दै कोइराला र अधिकारी २०६९ मा उल्लेख भए अनुसार, परीक्षण एउटा साधन हो जसलाई एउटा व्यवस्थित प्रक्रियावाट निर्माण गरी प्रयोगमा ल्याइन्छ । जसमा विशिष्ट उत्तेजनाको रुपमा रहेका प्रश्नपत्रहरुको समूहलाई विद्यार्थीहरु समक्ष प्रस्तुत गरिन्छ । त्यसैमा विद्यार्थीहरुले प्रस्तुत गरेका प्रतिक्रियाहरुलाई व्यवस्थित तरिकाबाट मापन गरी अपेक्षित व्यवहारमा भएको ज्ञान, सीप र क्षमताको मापन गरिन्छ ।

परीक्षणले एउटा व्यक्तिले कति राम्रो सँग कार्यसम्पादन गरेको छ भन्ने प्रश्नपत्रको उत्तर दिन्छ ।(Karlinger, 2009:492) लाई उद्धित गर्दै कोईराला र अधिकारी २०६९ मा उल्लेख भए अनुसार परीक्षण भनेको एउटा व्यवस्थित प्रक्रिया हो जसमा परीक्षण गरिने व्यक्तिलाई निर्माण गरिएका उत्तेजनाहरुको समूह (प्रश्नपत्र वा क्रियाकलाप) उपलब्ध गराइन्छ । ती उत्तेजनाप्रति विद्यार्थीहरुले प्रतिक्रिया व्यक्त गर्दछन् । तिनै प्रतिक्रियाहरुको आधारमा अङ्क र अङ्कको समूह प्रदान गरिन्छ । नेपालमा सन् १९९५ बाट शिक्षा मन्त्रालयले नमुनागत रुपमा परीक्षणको रुपमा सुरुवात गरेपनि सन् २०११ देखि ठूलो आकारमा सुरु गरिएको हो। सन् २०११ मा (कक्षा ८) को परीक्षण गरिएको थियो, (नासा,२०१८:१) ।

शिक्षाको गुणस्तर कायम गर्न विद्यार्थी मूल्याङ्कन महत्त्वपूर्ण पक्ष हो । विद्यार्थी मूल्याङ्कनका विविध आधारहरु मध्ये राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ मा उल्लेख भए अनुसार आधारभूत तह (कक्षा ८) को अन्तमा लिइने परीक्षा आधारभूत तहको अन्तिम कक्षा भएकोले यसको व्यवस्थापन गर्न परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्ड, २०७६ जारी गरेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहबाट सञ्चालन तथा व्यवस्थापन हुने आधारभूत तह कक्षा आठको अन्त्यमा हुने परीक्षाको स्तरीयता, प्रमाणीकरण र समकक्षतामा मुलुकभर एकरुपता कायम गर्नु आवश्यक रहेको उल्लेख गरेको छ ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्रत्येक स्थानीय तहहरुमा आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन गर्न एक परीक्षा समिति रहने व्यवस्था गरेको छ । उक्त समितिको गठन र कार्य बिधि तोकिए वमोजिम हुने व्यवस्था छ र सोहि अनुसार कार्य गर्न सबै स्थानीय तहहरु हरुलाई निर्देशन समेत गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले माद्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको जिम्मा स्थानीय तहलाई दिएको अवस्थामा शिक्षाको महत्त्वपूर्ण अङ्ग परीक्षण प्रक्रियाको अध्ययन महत्त्वपूर्ण देखिन्छ । यस परिवेशमा प्रदेश भित्रका स्थानीय तहले परीक्षा सञ्चालनमा अपनाएका प्रक्रियाहरु अध्ययन गरी परीक्षणमा एकरुपता कायम गर्न र आगामी दिनहरुमा थप प्रभावकारी प्रक्रिया अपनाउन गर्नुपर्ने कार्यहरु सम्वन्धमा यस अध्ययनले सहयोग पुर्‍याउने अपेक्षा राखिएको छ ।

## १.२ अध्ययनका उद्देश्यहरु

यस अध्ययनका मुख्य उद्देश्यहरु यस प्रकार छनः

- परीक्षा सञ्चालनको अवस्था पत्ता लगाउने,
- परीक्षाको स्तरीयता, प्रमाणीकरण र समकक्षतामा एकरुपता कायम गर्न आवश्यक कार्यसूची पेश गर्ने,
- परीक्षाको थप सुधारकालागि प्रदेश स्तरवाट गर्न सकिने सम्भाव्य कार्य सूची सहितको सूझाव दिने।

## १.३ परिभाषित शब्दावलीः

परीक्षा सञ्चालनको अवस्थाः परीक्षा सञ्चालनको अवस्था भन्नाले परीक्षा स्थलमा हुने परीक्षाको भौतिक तथा मनोवैज्ञानिक वातावरणलाई वुझाउँदछ ।

परीक्षाको स्तरीयता र एकरुपताः परीक्षाको स्तरीयता र एकरुपता भन्नाले पाठ्यक्रम विकास केन्द्रले प्रकाशित गरेको परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्ड, २०७६ अनुसारको परीक्षा सञ्चालन सम्वन्धी अवस्थाहरुलाई वुझाउछ ।

## १.४ अध्ययन विधि

अध्ययन अनुसन्धानका लागि निश्चित योजना तथा रणनीतिको आवश्यकता पर्दछ । यस प्रदेशमा आधारभूत तह (कक्षा ८)को परीक्षा अध्ययन गर्न, प्रश्नावली, खुल्ला अन्तर्वार्ता र अन्तर्वार्ता प्रश्नावलीलाई सूचना संकलनको माध्यमका रूपमा प्रयोग गरी अध्ययन टोलीले सङ्कलन गरेका प्राथमिक सूचना र अन्य सहायक तथ्याङ्कहरु समेत उपयोग गरिएको हुँदा यो अध्ययन मिश्रित अनुसन्धान ढाँचामा आधारित रहेको छ । यस अध्ययनको योजना तालिकालाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

**तालिका १.१**

योजना तालिका

| उद्देश्य | साधन | उत्तरदाता/सम्वद्ध पक्ष |
|---|---|---|
| परीक्षा सञ्चालनको अवस्था पत्ता लगाउने, | अन्तर्वार्ता प्रश्नावली | विषय विज्ञ, प्रधानाध्यापकर परीक्षक र प्रश्नपत्र निर्माण कर्ता |
| | प्रश्नावली | स्थानीय शिक्षा शाखा प्रमुख |
| | अवलोकन फारम | परीक्षा केन्द्र |
| परीक्षाको स्तरीयता र एकरुपता कायम गर्न आवश्यक कार्यसूची पेश गर्ने । | अन्तर्वार्ता प्रश्नावली | विषय विज्ञ,प्रधानाध्यापकर परीक्षक र प्रश्नपत्र निर्माण कर्ता |
| | प्रश्नावली | स्थानीय शिक्षा शाखा प्रमुख |
| | अवलोकन फारम | परीक्षा केन्द्र |
| परीक्षाको थप सुधारकालागि प्रदेश स्तरवाट गर्न सकिने सम्भाव्य कार्य सूची सहितको सूझाव दिने। | अन्तर्वार्ता प्रश्नावली | विषय विज्ञ, प्रधानाध्यापकर परीक्षक र प्रश्नपत्र निर्माण कर्ता |
| | प्रश्नावली | स्थानीय शिक्षा शाखा प्रमुख |
| | अवलोकन फारम | परीक्षा केन्द्र |

## १.५ अध्ययनको जनसंख्याः

यस अध्ययनका लागि गण्डकी प्रदेश अन्तर्गतका सबै सामुदायीक विद्यालयहरू र त्यससँग सम्बन्धित सरोकारवालाहरू सबै यस अध्ययनको जनसङ्ख्याका रूपमा रहेका छन । यस अध्ययनको जनसंख्याबाट सबैलाई समेट्न नसकिएको हुँदा निम्न अनुसारका प्रतिनिधिमूलक नमुना छनौट गरिएको थियो ।

## १.६ नमुना छनौटः

**स्थानीय तहहरुः** सुविधाजनक नमुना छनौट विधिवाट गण्डकी प्रदेश अन्तर्गतका ९ वटा जिल्लाको प्रतिनिधित्व हुने गरी प्रत्येक जिल्लाका कम्तिमा १ स्थानीय तह पर्नेगरी १४ वटा स्थानीय तहलाई नमुनाको रुपमा लिइएको छ । नमुनाको रुपमा छनौट गरिएका स्थानीय तहको विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ ।

**विद्यालयः** सुविधाजनक नमुना छनौट विधि प्रयोग गरी नमुना छनौटमा परेका स्थानीय तहहरुमा सञ्चालित सामुदायीक विद्यालयहरू मध्ये प्रत्येक स्थानीय तहहरुका कम्तिमा २/२ वटा विद्यालयलाई नमुना अध्ययनको लागि विद्यालय छनौट गरिएको थियो । नमुना छनौट गरिएका विद्यालयहरुको विवरण अनुसूची-१ मा उल्लेख छ ।

**शिक्षा शाखा प्रमुखः** उद्देश्यमूलक नमुना छनौट विधिवाट नमुना छनौटमा परेका स्थानीय तहहरुमा कार्यरत शिक्षा शाखा प्रमुखलाई छनौट गरिएको थियो ।

**परीक्षा केन्द्र प्रमुखः** उद्देश्यमूलक नमुना छनौट विधिबाट नमुना छनौटमा परेका प्रत्येक विद्यालयका परीक्षा केन्द्र प्रमुखहरुलाई उत्तरदाताको रुपमा छनैट गरिएको थियो ।

**प्रश्नपत्र निर्माणकर्ता :** नमुना छनौटमा परेका प्रत्येक स्थानीय तहहरुबाट अंग्रेजी, गणित र सामाजिक शिक्षा विषयका (कक्षा ८) को प्रश्नपत्र निर्माणमा सग्लग्न शिक्षकहरु मध्ये १/१ शिक्षकहरुलाई उद्देश्यमूलक आकस्मिक नमुना छनौट विधि प्रयोग गरी उत्तरदाताको रूपमा छनौट गरिएको थियो ।

**उत्तरपुस्तिका परीक्षक :** नमुना छनौटमा परेका प्रत्येक स्थानीय तहहरुवाट (कक्षा ८) को उत्तरपुस्तिका परीक्षणको जिम्मेवारी पाएका अंग्रेजी, गणित र सामाजिक शिक्षा विषयका परीक्षकहरुलाई आकस्मिक नमुना छनौट विधि प्रयोग गरी छनौट गरिएको थियो । समग्रमा अध्ययन नमुनालाई यस प्रकार उल्लेख गर्न सकिन्छ ।

**तालिका नं. १.२**

**अध्ययन नमुना**

| क.स. | स्थानीय तहहरु र उत्तरदाता | छनौट विधि | जम्मा नमुना संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानीय तहहरु | उद्देश्यमूलक | १४ | |
| २ | शिक्षा शाखा प्रमुख | उद्देश्य मुलक | १४ | |
| ३ | केन्द्राध्यक्ष | उद्देश्य मुलक | ३२ | |
| ४ | प्रश्नपत्र निर्माणकर्ता | आकस्मिक | ४२ | |
| ५ | परीक्षा केन्द्र | सुविधाजनक | ३२ | |
| ६ | परीक्षक | आकस्मिक | ९६ | |

## १.७ अध्ययनका साधनहरूको निर्माण

यस अध्ययन कार्यसँग सम्बन्धित सूचना सङ्कलन गर्न निम्न अनुसारका साधनहरू निर्माण गरी प्रयोगमा ल्याइएको थियो ।

**प्रश्नावली**

नमुना छनौटमा परेका प्रत्येक स्थानीय तहको शिक्षा र परीक्षा हेर्ने अधिकारीका लागि एक प्रश्नावली निर्माण गरी प्रयोगमा ल्याइएको थियो । यसको नमुना अनुसूची २ मा उल्लेख गरिएको छ ।

**अन्तवार्ता प्रश्नावली र अन्तर्वार्ता निर्देशिका**

नमुना छनौटमा परेका प्रत्येक प्रधानाध्यापक, प्रश्नपत्र निर्माणकर्ता र विषय विज्ञ शिक्षक र उत्तरपुस्तिका परीक्षकका लागि छुट्टा छुट्टै अन्तर्वार्ता प्रश्नावली र अन्तर्वार्ता निर्देशिका निर्माण गरी प्रयोगमा ल्याइएको थियो । यसको नमुना अनुसूची ३ मा उल्लेख गरिएको छ ।

**परीक्षा केन्द्र अवलोकन फाराम**

नमुना छनौटमा परेका प्रत्येक परीक्षा केन्द्र अवलोकन गर्न एक परीक्षा केन्द्र अवलोकन फाराम निर्माण गरी प्रयोगमा ल्याइएको थियो। यसको नमुना अनुसूची-४ मा उल्लेख गरिएको छ ।

## १.८ साधनहरूको वैधता

यस अध्ययनको क्रममा प्रयोगमा ल्याइएका सूचना संकलनका साधनहरू अन्तर्वार्ता निर्देशिका, खुल्ला प्रश्नावली र लक्षित समूह छलफल निर्देशिकालाई वैधता प्रदान गर्न विज्ञको राय सुझाव विधि प्रयोग गरिएको थियो ।

## १.९ सूचनाको स्रोत

अध्ययन कार्यको सिलसिलामा तयार पारिएका सामग्रीहरू प्रश्नावली, अन्तर्वार्ता प्रश्नावली र अन्तर्वार्ता निर्देशिका, परीक्षा केन्द्र अवलोकन फारामको सहयोगमा संकलित सूचनाहरूलाई प्राथमिक स्रोतका सूचनाको रूपमा उल्लेख गरिएको छ। आवश्यक सूचना द्वितिय स्रोतका रुपमा समेत सङ्कलन गरिएको थियो।

## १.१० सूचना सङ्कलन प्रक्रिया

यस कार्यका लागि आवश्यक सूचनाहरू सङ्कलन गर्न अध्ययन समूह र अन्य अध्ययन समूहवाट छनौट भएका अन्य संकलकहरु समेतको सहयोगमा आवश्यक सूचनाहरु सङ्कलन गरिएको थियो।

## १.११ सूचनाहरूको व्याख्या र विश्लेषण

माथि उल्लेखित साधन, विधि, प्रक्रिया र स्रोतबाट संकलित सूचनाहरूलाई अध्ययन कार्यका उद्देश्य, ती सूचनाहरूको गुणात्मकता, महत्व र सूचना- सूचना बीचको सह-सम्बन्ध समेतलाई आधार मानी, गुणात्मक अनुसन्धान ढाँचाको विश्लेषणात्मक तथा विवरणत्मक र तथ्याङ्क शास्त्रीय आधारमा समेत सूचनाहरूको व्याख्या विश्लेषण गरिएको छ।

# परिच्छेद - दुई

## परीक्षा व्यवस्थापन वश्लेषण

परीक्षण एक व्यवस्थित कार्य हो। यसलाई चरणबद्ध रुपमाा सम्पन्न गर्नुपर्ने हुन्छ । आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा, २०७६ को परीक्षण प्रक्रिया विश्लेषण गर्न, परीक्षणका तीन चरणहरु परीक्षणको पूर्व तयारी, परीक्षा सञ्चालन, नतिजा तयारी र प्रयोग तथा परीक्षा सुधारका लागि गरिएको अपेक्षाका सम्वन्धमा सूचना संकलन गरी अध्ययन विश्लेषण गरिएको थियो। जसलाई निम्नानुसार उल्लेख गरिएको छ।

## २.१ परीक्षणको पूर्व तयारीः

परीक्षणको पूर्व तयारी अर्न्तगत परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कानुनी व्यवस्था, परीक्षा समितिको गठन, प्रश्नपत्र निर्माणकर्ताको छनोट, प्रश्नपत्र निर्माण कर्तालाई तालिमको व्यवस्था, प्रश्नपत्र निर्माण सम्वन्धमा भएका अन्य अभ्यासहरु, उत्तर कुञ्जिकाको निर्माण, प्रश्नपत्रछपाइ, सुरक्षा र गोपनीयताको सुनिश्चितता, प्रश्नपत्रवितरण तथा ढुवानी सम्बन्धी व्यवस्था, केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्षलाई परीक्षा सम्बन्धी तालिम तथा अभिमुखीकरण सम्वन्धी व्यवस्था, वितरण भएका प्रश्नपत्रहरुको गोपनीयता र सुरक्षा र परीक्षा सम्बन्धी निर्देशन सम्वन्धमा अध्ययन गरिएको थियो। जसको व्याख्या एवं विश्लेषण यस प्रकार छ ।

### २.१.१ परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कानुनी व्यवस्था

परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा स्थानीय तह अनुसार फरक फरक कानुनी व्यवस्था वमोजिम परीक्षाको विधि र प्रकियामा फरक फरक अभ्यास भएको देखिन्छ ।स्थानीय तहहरुमा स्थानीय तहको शिक्षा ऐन, नियमावली, मौजुदा शिक्षा ऐन नियमावली, परीक्षा सञ्चालन कार्यविधि, नगर शिक्षा ऐन र नगर शिक्षा नियमावली अनुसार स्थानीय तहहरुमा परीक्षा सञ्चालन र व्यवस्थापन भएको पाइयो।जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं २.१**

**परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कानुनी व्यवस्था**

| क्र.स. | परीक्षा सञ्चालन सम्वन्धी कानुनी व्यवस्था | स्थानीय तह संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानीय तहको शिक्षा ऐन नियमावली | ७ | ५० | |
| २ | परीक्षा सञ्चालन कार्यविधि | ५ | ३६ | |
| ३ | विद्यालय व्यवस्थापन तथा सञ्चालन कार्यविधि | १ | ७ | |
| ४ | शिक्षा ऐन २०२८, शिक्षा नियमावली | १ | ७ | |

| | | | | |
|---|---|---|---|---|
| | २०५९ | | | |
| जम्मा | | १४ | १०० | |

स्रोत: स्थलगत अध्ययन, २०७६

माथिको तालिका अनुसार स्थानीय तहमा शिक्षा ऐन नियमावली निर्माण गरी सोही आधारमा परीक्षा सञ्चालन गर्ने ५० प्रतिशत स्थानीय तह हुनु र जम्मा ३ट प्रतिशत स्थानीय तहले मात्र परीक्षा सञ्चालन कार्यविधि निर्माण गर्नुले परीक्षा व्यवस्थापनमा पर्याप्त ध्यान दिन सकेको देखिएन ।१४ प्रतिशत भन्दा वढी स्थानीय तह परीक्षा सञ्चालनमा मौजुदा कानुनमा नै निर्भर रहेको पाइयो ।

### २.१.२ परीक्षा स मतिको गठन

सबै स्थानीय तहमा परीक्षा समिति गठन गरिएको गरियो । स्थानीय तह अनुसार परीक्षा समितिको अध्यक्ष शिक्षा प्रमुख बनाइएको, सदस्य संख्या ३ देखि ६ सम्म रहेको र परीक्षा समितिको सचिवमा शिक्षा अधिकृत वा छनोट भएका शिक्षकहरु मध्येबाट एकजनालाई तोकिएको देखिन्छ । स्थानीय तह अनुसार कुनै स्थानीय तहमा जनप्रतिनिधि नै परीक्षा समितिको अध्यक्ष र कुनै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत र कुनै स्थानीय तहमा शिक्षा शाखा प्रमुख रहेको पाइयो । सदस्य सचिवमा जनप्रतिनिधि वसेको देखिदैन तापनि सदस्य सचिवमा शिक्षा अधिकृत रहेको पाइयो । यसको तालिकागत विवरण यस प्रकार उल्लेख गरिएको छ ।

तालिका नं २.२

**परीक्षा समितिको गठन**

| क स | अध्यक्षता | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ५ | ३६ | |
| २ | जनप्रतिनिधि (नगर प्रमुख/ गाउपालिका अध्यक्ष) | ३ | २१ | |
| ३ | शिक्षा प्रमुख | ६ | ४३ | |
| जम्मा | | १४ | १०० | |




माथिको तालिका अनुसार परीक्षा समितिको नेतृत्व अधिकांश (४३%) स्थानीय तहमा शिक्षा शाखा प्रमुख हुनु सकरात्मक देखिन्छ । तर परीक्षा जस्तो प्राविधिक र संवेदनशील कार्यमा प्रमुख प्रशासकीय अधिकृत र जनप्रतिनिधि गरी ५७ प्रतिशत अप्राविधिक र राजनीतिक व्यक्तिको नेतृत्व हुनु भन्दा शैक्षिक प्रशासनिक व्यक्तिलाई दिनु उपयुक्त हुन्छ ।

### २.१.३ प्रश्नपत्र निर्माणकर्ताको छनौट

स्थानीय तह अनुसार फरक फरक किसिमले प्रश्नपत्र निर्माण कर्ताको छनोट गरेको देखिन्छ । प्रश्नपत्र निर्माणकर्ता छनौट गर्ने क्रममा विषयगत दक्ष शिक्षक मध्येवाट, प्रश्नपत्र निर्माण निर्देशिकाले तोकेअनुसार र परीक्षा समितिले तोके अनुसार प्रश्नपत्र निर्माणकर्ता छनोट गरेको पाइयो । तालिकागत रुपमा प्रश्नपत्र निर्माणकर्ताको छनोटका अभ्यासहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**तालिका नं, २.३**
**प्रश्नपत्र निर्माणकर्ताको छनोट**

| क्र.स. | प्रश्नपत्र निर्माणकर्ताको छनोट | जम्मा संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रश्नपत्र निर्माण निर्देशिकाले तोकेअनुसार | १ | |
| २ | परीक्षा समितिले तोके अनुसार | ११ | |
| ३ | विषयगत दक्ष शिक्षकवाट | २ | |
| जम्मा | | १४ | |

माथिको तालिका अनुसार प्रश्नपत्र निर्माण कर्ता छनौट गर्ने क्रममा विषयगत दक्ष शिक्षक मध्येवाट छनौट गर्नुपर्ने परीक्षा सञ्चालनको सर्वमान्य सिद्धान्तलाई अनुसरण गर्नुपर्नेमा अधिकांश स्थानीय तहले फरक फरक अभ्यास गरेको पाइयो जुन परीक्षाको विश्वसनियता वैधताको हिसावले उपयुक्त देखिंदैन ।

### २.१.४ प्रश्नपत्र निर्माणकर्तालाई ता लमको व्यवस्था

स्थलगत अनुगमन गरिएका स्थानीय तहहरुमा प्रश्नपत्र निर्माण कर्तालाई तालिम तथा कार्यशालाहरु सञ्चालनका अभ्यासहरु गरेको पाइयो । स्थानीय तह अनुसार प्रयोगमा ल्याइएका यस्ता अभ्यासहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं, २.४**
**प्रश्नपत्र निर्माणकर्तालाई तालिमको व्यवस्था**

| क्र स | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | तालिम सञ्चालन भएका | ८ | ५८ | |
| २ | तालिम सञ्चालन नभएका | ६ | ४२ | |
| जम्मा | | १४ | १०० | |

उल्लेखित तालिका अनुसार ८ वटा (५८ प्रतिशत) स्थानीय तहमा विशेषज्ञका लागि प्रश्नपत्र निर्माण पूर्व तालिम सञ्चालन भएको र ६ वटा (४२ प्रतिशत) स्थानीय तहमा विशेषज्ञका लागि तालिम सञ्चालन नगरी प्रश्नपत्र निर्माण भएको देखिन्छ । जम्मा ५८ प्रतिशत प्रश्नपत्र निर्माणकर्ता

मात्र तालिम प्राप्त हुनुले प्रश्नपत्र निर्माण सम्वन्धी तालिम पर्याप्तता देखिंदैन । यो संख्या सतप्रतिशत हुनुपर्नेमा जोड दिनुपर्ने देखिन्छ ।




### २.१.५ प्रश्नपत्र निर्माण सम्वन्धमा भएका अन्य अभ्यासहरु

प्रश्नपत्र निर्माण गर्ने क्रममा भएका अन्य अभ्यासहरु सम्वन्धमा प्रश्नपत्र निर्माण कर्ताहरुसँग समेत छलफल गरियो । प्राप्त सूचना अनुसार प्रत्येक विषयका /३३ जनालाई प्रश्नपत्र निर्माण गर्न लगाउने गरिएको, निर्माण गरेका प्रश्नपत्रको सेटबाट परीक्षा समितिका सदस्यहरु र विषयविज्ञ बसेर उपयुक्त किसिमका प्रश्नपत्रहरु छनोट गरी प्रश्नपत्र सेट तयार गरिएको, तयार गरिएका प्रश्नपत्र सेटलाई समितिका कम्प्युटरमा दक्ष सदस्यलाई कम्प्युटर गर्न लगाई प्रश्नपत्रलाई सम्पादन गरी एवं प्रश्नपत्रलाई अन्तिम रुप दिएर मुद्रण गर्ने गरिएको, प्रश्नपत्रहरुको क्रमवध्दता निर्धारण कठिनाइ स्तर र अङ्क भारको आधारमा गरेको, प्रश्नपत्रको विश्लेषण र छनौट कठिनाई स्तर र विभेदीकरण सूचकको आधारमा गरेको जस्ता फरक फरक प्रतिक्रियाहरु प्राप्त भएका थिए । प्रश्नपत्र निर्माण र परिमार्जनमा तालिम प्राप्त शिक्षक, रोस्टर शिक्षकबाट परीक्षा निर्देशिका अनुसार फरक फरक स्थानीय तहहरुमा फरक फरक अभ्यास भएको पाइयो । तालिम प्राप्त शिक्षकबाट, रोष्टर शिक्षकबाट, परीक्षा समितिले तोके अनुसार विषय शिक्षकबाट, विषयगत दक्ष र जेष्ठ शिक्षकबाट प्रश्नपत्र निर्माण र परिमार्जनको काम भएको पाइयो । सम्वन्धीत स्थानीय तहको निर्णयअनुसार प्रश्नपत्र निर्माण योजना गरेको पाइयो।प्रश्नपत्र निर्माण पूर्व पाठ्यक्रमका आधारमा विशिष्ट उद्देश्यको निर्माण गरिएको, प्रश्नपत्रविशिष्टिकरण तालिका अनुसार निर्माण गरिएका, विशिष्टकरण तालिका अनुसार सान्दर्भिक प्रश्नपत्रहरुको लेखन गरेको, प्रश्नपत्रको पुनरावलोकन र सम्पादन विषय विज्ञ एवं परीक्षा समिति सदस्यहरुबाट हुने गरेका तथ्यहरु अन्तर्वार्ताका क्रममा पाइएको थियो । प्रश्नपत्रहरुको क्रमवद्धता निर्धारण कठिनाइ स्तर

र अङ्क भारको आधारमा गर्ने गरेको, प्रश्नपत्रको विश्लेषण र छनौट कठिनाई स्तर र विभेदीकरण सूचकको निर्धारण प्रश्नपत्र निर्माणकर्ता वा विषय विज्ञको विज्ञताको आधारमा गर्ने गरेको कुरा अन्तवार्ताको क्रममा पाइएको थियो। उत्तरकुन्जिकाको निर्माण स्थानीय तहहरुमा निर्माण भएता पनि निर्माण गर्ने कार्यमा विविधता देखिन्छ। कतै प्रश्नपत्र निर्माण कर्ताले नै वनाएका कतिपय सम्वन्धीत विद्यालयका शिक्षकले वनाएको वताएका थिए भने कहीँ प्रश्नपत्र निर्माण कर्ता भन्दा भिन्न विषय विज्ञ वोलाएर पनि वनाउने गरेको पाइएको थियो। स्थानीय तहले प्रश्नपत्रमा परीक्षार्थीका लागि निर्देशन उल्लेख गरेको देखिन्छ। उत्तरपुस्तिका छपाइ गरेका स्थानीय तहले उत्तरपुस्तिकामा पनि परीक्षार्थीका लागि निर्देशन उल्लेख गरेको पाइयो। प्रश्नपत्रको पुनरावोलकन र सम्पादन विज्ञवाट नै गर्ने गरेको कुरामा सबैजसो उत्तरदाताहरु सहमत थिए । प्रश्नपत्रको गोपनीयताको लागि छपाइ गर्न छनौट भएका कम्पनी र संस्थासँग संझौता गरी गोपनीयता कायम गरिएको र स्थानीय तहले छपाइ भई आएका प्रश्नपत्रकेन्द्राध्यक्षलाई वुझाएर विद्यालयमा नै सुरक्षित तरिकाले राख्ने गरेको वताएका थिए । अवलोकनको क्रममा पनि सो व्यवस्था देखिन्थ्यो । प्रदेशवाट प्रश्नपत्रको वैधता जाच गर्ने, अनुगमन गर्ने, कार्यशाला सञ्चालन गर्नुपर्ने र प्रदेशभित्र समान कानुनको व्यवस्था गरी एकरुपता कायम गर्नु पर्ने धारणा राखेका थिए । प्रश्नपत्र निर्माण र परिमार्जन सम्वन्धी अभ्यासहरुलाई तालिकागत रुपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. २.५**
**प्रश्नपत्र निर्माण र परिमार्जन**

| क्र.स. | अभ्यासहरु | स्थानीय तह संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | तालिम प्राप्त शिक्षकबाट | ५ | ३६.५ | |
| २ | रोष्टर शिक्षकबाट | ३ | २१.५ | |
| ३ | परीक्षा समितिले तोकेअनुसार विषय शिक्षकबाट | ४ | २९.५ | |
| ४ | विषयगत दक्ष शिक्षकबाट | २ | १४.५ | |
| जम्मा | | १४ | १०० | |




प्रश्न निर्माण र परिमार्जनका अभ्यासहरुमा तालिम प्राप्त शिक्षकबाट ३६.५ प्रतिशतले प्रश्न निर्माण गरेको देखिन्छ भने सबैभन्दा कम विषयगत दक्ष शिक्षकबाट २ वटा १४.५ प्रतिशतले निर्माण गरेको देखिन्छ । प्रश्नपत्र निर्माणमा विषयगत दक्षता प्राप्त गरेका शिक्षकहरुलाई उल्लेख सहभागी गर्नु पर्नेमा यस किसिमको अभ्यास कम रहेको पाइयो।

### २.१.६ उत्तर कुञ्जिकाको निर्माण

परीक्षामा प्रश्नपत्र निर्माण पश्चात उत्तरकुञ्जिका निर्माण गर्दा अङ्कन कार्यमा एकरुपता आउँदछ । यसले परीक्षणको विश्वसनियता समेत वृद्धि गर्दछ । प्रश्नपत्र निर्माण प्रक्रिया र उत्तरकुञ्जिका सम्वन्धमा प्राप्त अभ्यासहरु देहाय अनुसार रहेका छन् ।सबै जसो स्थानीय तहहरुमा

उत्तरकुञ्जिकाको निर्माण गरिएको छ। उत्तरकुञ्जिका उत्तरपुस्तिका परीक्षणको समयमा दिने योजना गरेको पाइयो। उत्तरपुस्तिका परीक्षणको समयमा मुलुक बन्दाबन्दीको अवस्थामा रहेकाले सबै केन्द्रहरुमा परीक्षकलाई उपलव्ध गराउन कठिनाई भएको र परीक्षकहरुले मागेका खण्डमा व्यक्तिगत संचारका साधनहरु मार्फत समेत उपलव्ध गराएर उत्तरपुस्तिका परीक्षण गरिएको पाइयो। उत्तरपुस्तिका परीक्षणको समयमा मुलुक वन्दा वन्दीको अवस्थामा रहेकाले उत्तर कुञ्जिकाको प्राप्तिमा कठिनाई रहेको परीक्षकहरुको समेत गुनासो रहेको थियो ।

### २.१.७ प्रश्नपत्रछपाइ, सुरक्षा र गोपनीयताको सुनिश्चितता

प्रश्नपत्र छपाइ, सुरक्षा र गोपनीयताको सुनिश्चितता सम्वन्धमा पनि स्थानीय तह अनुसार फरक फरक अभ्यास गरेको देखिन्छ । प्रश्नपत्रछपाइ र सुरक्षा परीक्षा सञ्चालन निर्देशिका अनुसार स्थानीय तहमा गठित परीक्षा समितिको पूर्ण जिम्मेवारीमा गरिएको, गोप्य ढंगले प्रश्नपत्र निर्माण प्रश्नपत्र निर्माणकर्तालाई गोपनियताको कवुलियतनामा र प्रश्नपत्र निर्माण सम्वन्धी निर्देशन प्रदान गरी नियुक्ति गरेको पाइयो।

**तालिका नं २.६**

**प्रश्नपत्र छपाइ, सुरक्षा र गोपनीयता सम्वन्धमा भएका अभ्यासहरु**

| क.स. | भएको व्यवस्था | स्थानीय तहहरु | कैफियत |
|---|---|---|---|
| १ | परीक्षा समितिको पूर्ण जिम्मेवारीमा | ३ | |
| २ | विषय शिक्षकलाई जिम्मेवारीमा | १ | |
| ३ | समितिले जिल्ला वाहिर छपाउने | २ | |
| ४ | शिक्षा युवा तथा खेलकुद शाखालाई जिम्मेवारीमा | १ | |
| ५ | छपाइ छनौट भएका कम्पनी र संस्थासँग सम्झौता गरी | २ | |
| ६ | सूचना प्रविधि शाखालाई जिम्मेवारीमा | १ | |
| ७ | रोस्टर शिक्षकलाई जिम्मेवारी दिएर | २ | |
| जम्मा | | १४ | |

प्रश्नपत्र छपाइ र गोपनियताको सुनिश्चिततामा परीक्षा समितिको पूर्ण जिम्मेवारी रहेको छ । ।माथिको तालिका नं.२ ६.अनुसार ३ वटा स्थानीय तहले मात्र परीक्षा समितिलाई पूर्ण जिम्मेवारी दिएको देखिन्छ भने ११ वटा स्थानिय तहमा अन्य फरक फरक अभ्यास भएको देखिन्छ ।समग्रमा प्रश्नपत्र छपाइ, सुरक्षा र गोपनियताको सुनिश्चिततामा पर्याप्त ध्यान पुग्न सकेको देखिएन ।

### २.१.८ प्रश्नपत्र वतरण

प्रश्नपत्र प्याकेटिङ्ग र ढुवानीमा गोपनीयता कायम गरी परीक्षा सञ्चालन भएको पाइयो। सबै स्थानीय तहले हालसम्म (कक्षा ८) को प्रश्नपत्रको सुरक्षा र गोपनीयतामा कुनै कमि कमजोरी नभएको वताएका थिए ।प्रश्नपत्र छपाइ सम्वन्धी कार्यका लागि छनौट भएका मुद्रण केन्द्रमा गोपनीयताका साथ छपाइ गरेको पाइयो।कतिपय स्थानीय तहले सूचना प्रविधि शाखालाई नै जिम्मेवार गराइ प्रश्नपत्रवितरण गरेको देखिन्छ। प्रश्नपत्र छपाइ सम्वन्धी कार्य सकिए पछि प्रश्नपत्र वितरण सम्वन्धमा केही स्थानीय तहले केन्द्राध्यक्षलाई स्थानीय तहको कार्यालयमा वोलाएर, केही स्थानीय तहले तोकिएको केन्द्रमा पुर्‍याई दिने कार्य गरेको तथा कुनै स्थानीय तहले विद्यालयको पत्रको आधारमा विद्यालयले खटाएको शिक्षकलाई प्रश्नपत्र उपलव्ध गराएको पाइयो।

**तालिका नं. २.७**
**प्रश्नपत्र वितरण**

| क.स | अभ्यासहरु | स्थानीय तह संख्या | कैफियत |
|---|---|---|---|
| १ | केन्द्राध्यक्षलाई जिम्मा दिने | १२ | |
| २ | तोकिएको केन्द्रमा पुर्‍याइ दिने | १ | |
| ३ | विद्यालयको पत्रको आधारमा | १ | |
| जम्मा | | १४ | |

प्रश्नपत्र वितरण सम्वन्धमा भएका अभ्यासहरुमा अधिकांश (१२ वटा) स्थानीय तहले केन्द्राध्यक्षलाई जिम्मेवारी दिएका छन् भने अन्य २ वटाले फरक अभ्यास अपनाएको देखिन्छ । समग्रमा प्रश्नपत्र वितरण सम्वन्धी व्यवस्था सन्तोषजनक देखियो ।

### २.१.९ केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्ष परीक्षा अ भमुखीकरण

केही स्थानीय तहले केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्षलाई परीक्षा सम्बन्धी तालिम, अभिमुखीकरणको व्यवस्था गरेको पाइयो । स्थानीय तहले केन्द्राध्यक्षलाई तालिम दिए पछि, कतै केन्द्राध्यक्षले सहायक केन्द्राध्यलाई अभिमुखीकरण गरेको पनि पाइयो। स्थानीय तहले केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्षलाई परीक्षा सम्बन्धी तालिम, अभिमुखीकरणको व्यवस्था सम्वन्धमा प्रतिशतमा हेर्दा तल तालिका अनुसार देखिन्छ ।

**तालिका नं. २.८**
**केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्ष परीक्षा अभिमुखीकरण**

| क स | **केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्ष** | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | परीक्षा अभिमुखीकरण भएको | ९ | ६४ | |
| २ | परीक्षा अभिमुखीकरण नभएको | १ | ७ | |
| ३ | सामान्य निर्देशन भएको | ४ | २९ | |
| | जम्मा | १४ | १०० | |

परीक्षा सञ्चालन सम्वन्धमा सम्वन्धीत केन्द्राध्यक्ष र सहायक केन्द्राध्यलाई परीक्षा अभिमुखीकरण गर्नुपर्ने हुन्छ । तालिका नं. २.८ अनुसार अध्ययन क्षेत्रका ९ वटा स्थानीय तहले यस किसिमको व्यवस्था गरेको देखिन्छ । अन्य स्थानीय तहले केन्द्राध्यक्ष र सहायक केन्द्राध्यलाई परीक्षा अभिमुखीकरण सम्वन्धमा सामान्य निर्देशन मात्र गरेको पाइयो ।समग्रमा केन्द्राध्यक्ष र सहायक केन्द्राध्यलाई गरिएको परीक्षा अभिमुखीकरण सन्तोषजनक देखियो ।

### २.१.१० वतरण भएका प्रश्नपत्रहरुको गोपनीयता र सुरक्षा

परीक्षा सञ्चालन र व्यवस्थापनका सन्दर्भमा वितरण भएका प्रश्नपत्रको गोपनीयता र सुरक्षा महत्त्वपूर्ण हुन्छ । वितरण भएका प्रश्नपत्रहरुको गोपनीयता र सुरक्षा कसरी भएको छ भनी हेर्दा अधिकांश परीक्षा केन्द्रमा सम्बन्धित केन्द्राध्यक्षलाई जिम्मेवारी दिएको पाइयो र एक स्थानीय तहले मात्र परीक्षामा तोकिएको कर्मचारी र प्रधानाध्यापकलाई जिम्मेवारी दिएको पाइयो साथै एक स्थानीय तहले प्रहरी चौकीलाई जिम्मेवारी दिएको नयाँ अभ्यास समेत गरेको देखिन्छ ।

**तालिका नं, २.९**
**वितरण भएका प्रश्नपत्रहरुको गोपनीयता र सुरक्षा**

| क.स. | गोपनीयता र सुरक्षाका अभ्यास | स्थानीय तह संख्या | कैफियत |
|---|---|---|---|
| १ | सम्बन्धित केन्द्राध्यक्षलाई जिम्मेवारी दिएको | १२ | |
| २ | प्रहरी चौकीलाई जिम्मेवारी दिएको | १ | |
| ३ | तोकिएको कर्मचारीलाई जिम्मेवारी दिएको | १ | |

माथिको तालिका नं.२.९ अनुसार वितरण भएका प्रश्नहरुको गोपनीयता र सुरक्षा सम्वन्धमा १२ वटा स्थानीय तहले केन्द्राध्यक्षलाई जिम्मेदारी दिएका छन् भने १/१ वटा स्थानीय निकायले क्रमश प्रहरी चौकी र परीक्षामा तोकिएको कर्मचारीलाई जिम्मेवारी दिएको पाइयो । स्थानीय तहले आफ्नो परिवेश अनुसार प्रश्नको गोपनीयता र सुरक्षा सम्वन्धी अवलम्वन गरिएका प्रयास सकरात्मक रहेका छन् ।

### २.१.११ परीक्षा सम्बन्धी निर्देशन

परीक्षा सम्वन्धी निर्देशन परीक्षार्थीलाई परीक्षा सञ्चालन हुनु भन्दा अगाडि लिखित एवं मौखिक रुपमा दिनु पर्दछ । परीक्षा सम्बन्धी निर्देशनका अभ्यासहरु स्थानीय तह अनुसार फरक फरक रहेका छन् । स्थानीय तहले प्रश्नपत्र छपाइ गरी प्रश्नपत्रमा नै लिखित निर्देशन उल्लेख गरेका छन् । प्रवेश पत्र र उत्तरपुस्तिका समेत छपाइ गरेका स्थानीय तहहरुले प्रवेश पत्र र उत्तरपुस्तिकामा लिखित निर्देशन उल्लेख गरेका छन् । प्रवेश पत्र र उत्तरपुस्तिका छपाइ नगरेका स्थानीय तहहरुले सामान्य मौखिक निर्देशन सहित परीक्षा सञ्चालन गरेको पाइयो । यस सम्वन्धी अभ्यासहरुलाई तालिकागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं २.१०**
**परीक्षा सम्बन्धी निर्देशन**

| क.स. | परीक्षा सम्बन्धी निर्देशनको अवस्था | स्थानीय तह संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रवेश पत्र, उत्तरपुस्तिका र प्रश्नपत्रमा निर्देशन | ड | |
| २ | प्रश्नपत्रमा निर्देशन | १४ | |
| ३ | सामान्य मौखिक निर्देशन | ज्ञ | |

माथिको तालिका नं .२.१० अनुसार अध्ययन क्षेत्रमा परीक्षा सम्बन्धी निर्देशन प्रश्नपत्र, प्रवेश पत्र, उत्तरपुस्तिका ८ वटामा , प्रश्नपत्रमा १४ वटा र सामान्य मौखिक निर्देशन १ वटा स्थानिय

तहले उल्लेख गरेको देखिन्छ । यसको आधारमा प्रश्नपत्र, प्रवेश पत्र, उत्तरपुस्तिकामा निर्देशन दिएका स्थानीय तहको संख्या पर्याप्त देखिंदैन ।

## २.२ परीक्षा सञ्चालन र अङ्कन

परीक्षा सञ्चालनको प्रमुख उद्देश्य सम्पूर्ण परीक्षार्थीहरुको सिकाइ उपलब्धी मापन गर्न स्वच्छ र समान अवसर प्रदान गर्नु हो। प्रश्नपत्रमा प्रस्तुत गरिएका उत्तेजनाहरुमा विद्यार्थीहरुले ग्रहण गरेका ज्ञान, सीप र अभिवृत्तीलाई स्वतन्त्र रुपमा अभिव्यक्त गर्न उपयुक्त वातावरणको अवसर प्रदान गर्नु नै परीक्षा सञ्चालन हो। यसका निम्ति उपयुक्त भौतिक तथा मनोवैज्ञानिक वातावरणको आवश्यकता पर्दछ । अङ्कन कार्य परीक्षणसँग सम्वन्धीत विषय हो । अङ्कन कार्यलाई विश्वसनीय र वैध रुपमा सम्पन्न गर्नु आवश्यक छ। त्यसैले परीक्षा सञ्चालन र अङ्कन अन्तर्गतका क्रियाकलापहरु परीक्षा सञ्चालनको अवस्था,उत्तरपुस्तिका परीक्षण सम्बन्धी व्यवस्था, उत्तरपुस्तिका परीक्षण र अङ्कन प्रक्रिया, विद्यार्थीका उत्तरहरुसँग असम्बन्धित तत्वहरु र परीक्षकका अपेक्षालाई आधार वनाई अध्ययन गरिएको थियो । यस सम्वन्धमा प्राप्त सूचनाहरुलाई विषयवस्तुको क्रम अनुसार व्याख्या र विश्लेषण गरिएको छ ।

### २.२.१ परीक्षा सञ्चालनको अवस्था :

परीक्षा सञ्चालनको अवस्था अध्ययनका लागि परीक्षा केन्द्र अवलोकन फारम निर्माण गरिएको थियो । यस फारममा २६ वटा परीक्षा सञ्चालनसँग सम्वन्धीत सुचकहरु सहित तीन तहको श्रेणीमापन विधी प्रयोग गरिएको थियो । यसको नमुना अनुसूची- ४ मा उल्लेख छ । प्रत्येक सूचकमा राम्रो, मध्यम र कमजोरलाई क्रमस ३, २, १ अङ्क प्रदान गर्दा जम्मा अङ्क ७८ रहेको थियो । जसलाई समष्टिगत रुपमा तलको तालिकामा प्रस्तुत गरिएको छ । परीक्षा सञ्चालन सबै केन्द्रहरुमा राम्रो वातावरणमा भएको पाइयो । कक्षाकोठा अवलोकनबाट प्राप्त नतिजालाई अङ्कन गर्दा ६४ देखि १०० प्रतिसतसम्म वा ५० देखि ७८ अङ्कसम्म प्राप्त भयो । परीक्षा लिने विधि प्रक्रिया फरक फरक स्थानीय तहहरुमा फरक फरक पाइयो । सूचकगत भिन्नताका आधारमा परीक्षा केन्द्रको जम्मा अङ्क र परीक्षा शुद्धता प्रतिशतांक तालिका नं २.१ मा प्रस्तुत गरिएको छ ।

तालिका नं २.११

**परीक्षा संचालनको अवस्था**

| क्र.स. | जिल्ला | पालिका | विद्यालयको नाम | जम्माअंक | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | पर्वत | कुश्मा नगरपालिका | श्री नुवार सुवेदी थर माद्यमिक विद्यालय कुश्मा | ६८ | ८८.४ |
| | | | श्री नारायणी माद्यमिक विद्यालय | ६३ | ८७.१ |
| २ | पर्वत | मोदि गाउँपालिका | श्री जन जागृति माद्यमिक विद्यालय | ७० | ८५.९ |
| ३ | वागलुङ्ग | वागलुङ्ग नगरपालिका | श्री धवलागिरी विरेन्द्र माद्यमिक विद्यालय रातामाट | ६७ | ८५.९ |
| | | | श्री धवलागिरी वहिरा माद्यमिक विद्यालय वाङ्गेचौर | ६८ | ८७.१ |
| ४ | म्याग्दी | वेनी नगरपालिका | श्री वेनी सामुदायी माद्यमिक विद्यालय | ७२ | ९२.३ |
| | | | श्री धवलागीरी माद्यमिक विद्यालय सिंगा | ७२ | ९२.३ |
| | | | श्री जमुना खर्क माद्यमिक विद्यालय | ७५ | ९६.२ |
| ५ | लम्जुङ्ग | मध्यनेपाल नगरपालिका | श्री ईशानेश्वर माद्यमिक विद्यालय | ७४ | ९४.८ |
| | | | श्री मंगला माद्यमिक विद्यालय | ६६ | ८४.६ |
| | | | श्री जनमन्दीर माद्यमिक विद्यालय | ६९ | ८८.४ |
| | | | श्री दुइ पिप्ले माद्यमिक विद्यालय | ७३ | ९३.५ |
| ६ | तनहुँ | शुक्लगण्डकी नगरपालिका | श्री हँस वाहिनि माद्यमिक विद्यालय कोत्रे | ५६ | ७१.७ |
| | | | श्री खैरानी माद्यमिक विद्यालय | ७८ | १००.० |
| ७ | तनहुँ | म्याग्दे गाउँपालिका | श्री गणेश माद्यमिक विद्यालय | ५० | ६४.१ |
| | | | श्री जनगणपति माद्यमिक विद्यालय | ७० | ८९.७ |
| ८ | कास्की | पोखरा महा नगरपालिका | श्री सिर्जना वहिरा माद्यमिक विद्यालय | ६८ | ८७.१ |
| | | | श्री लक्ष्मी माद्यमिक विद्यालय | ६८ | ८७.१ |
| ९ | कास्की | अन्नपुर्ण गाउँपालिका | श्री वालमन्दिर माद्यमिक विद्यालय | ५७ | ७३.० |
| | | | श्री सिर्जना माद्यमिक विद्यालय सिम्पाली | ६० | ७६.९ |
| १० | नवलपुर | गैडाकोट नगरपालिका | श्री अमर ज्योतिमाद्यमिक विद्यालय गैडाकोट | ७२ | ९२.३ |
| | | | श्री रत्न राज्य माद्यमिक विद्यालय गैडाकोट | ७५ | ९६.१ |
| ११ | नवलपुर | देवचुलि नगरपालिका | श्री कालिका माद्यमिक विद्यालय दलदले | ५९ | ७५.६ |
| | | | श्री सान्ति सृजना माद्यमिक विद्यालय | ५० | ६४.१ |
| १२ | गोरखा | गोरखा नगरपालिका | श्री महेन्द्र ज्योति माद्यमिक विद्यालय | ६१ | ७८.२ |
| | | | श्री शक्ति माद्यमिक विद्यालय पातिचौर | ६७ | ८५.८ |
| | | | श्री महालक्ष्मी माद्यमिक विद्यालय लक्ष्मी वजार | ६६ | ८४.६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | श्री महेन्द्र माध्यमिक विद्यालय कुन्दर | ६७ | ८५.८ |
| १३ | स्याङ्जा | पुतलीवजार नगरपालिका | श्री सरस्वती माध्यमिक विद्यालय पुतलीवजार | ५७ | ७३.० |
| | | | श्री वालहित आधारभूत विद्यालय | ७० | ८९.७ |
| १४ | स्याङ्जा | फेदिखोला गाउँपालिका | श्री सिदार्थ माध्यमिक विद्यालय फेदीखोला | ७७ | ९८.७ |
| | | | श्री दामगाडे माध्यमिक विद्यालय दामगाडे | ७३ | ९३.५ |

कक्षाकोठा अवलोकनबाट प्राप्त नतिजालाई अङ्कन गर्दा ५० देखि ७८ अङ्कसम्म प्राप्ताङ्क प्राप्त भई सोलाई प्रतिशतमा हेर्दा ६४ देखि १०० प्रतिशत सम्म रहेको छ । परीक्षा लिने विधि प्रक्रिया फरक फरक स्थानीय तहहरुमा फरक फरक पाइयो । सूचकगत भिन्नताका आधारमा परीक्षा केन्द्रको जम्मा अङ्क र परीक्षा शुद्धता हेर्दा राम्रो देखिन्छ ।सबै केन्द्रमा परीक्षा सञ्चालन राम्रो वातावरणमा भएको देखिन्छ । समग्रमा प्रदेश भरीको परीक्षा वातावरणको नतिजा अंक ७८ मा ६०.५३ अंक र ७७ प्रतिशत नतिजा अनुकुल वातावरणमा भएको पाइयो ।

### २.२.२ उत्तरपुस्तिका परीक्षण सम्बन्धी व्यवस्था

उत्तरपुस्तिका परीक्षण गराउने सन्दर्भमा विविध अभ्यास गरेको पाइयो ।यसका लागि स्थानीय तहले सम्वन्धीत विद्यालय, अन्तर विद्यालय र स्थानीय तहमा परीक्षण केन्द्र निर्धारण गरेको देखियो । स्थानीय तहमा अंग्रेजी, गणित, सामाजिक र नेपाली विषयको लागि परीक्षण केन्द्र बनाएर उत्तरपुस्तिका परीक्षण गरेको पाइयो भने अन्य विषय सम्वन्धीत विद्यालयले परीक्षण गरेको पाइयो । उत्तरपुस्तिका परीक्षणमा पनि स्थानीय तहले वनाएको योजना अनुसार मुलुक कोभिड-१९ प्रभावको कारण लागुहुन नसकेको देखियो । कतिपय स्थानीय तहले व्यवस्थित रुपले उत्तरपुस्तिका परीक्षणको योजना वनाए पनि मुलुकमा भएको बन्दाबन्दीले गर्दा सम्वन्धीत विद्यालयमा नै उत्तरपुस्तिका परीक्षण गरी प्राप्ताङ्क तालिका स्थानीय तहमा प्रमाणिकरणका लागि पठाउन लगाईएको पाइयो। केही स्थानीय तहले मुलुक बन्दाबन्दी भए पनि नजिकको शिक्षकलाई सामाजिक दुरी कायम गरी स्थानीय तहमा नै परीक्षण गरेको पाइयो। उत्तरपुस्तिका परीक्षण सम्बन्धी भएका अभ्यासहरुलाई तालिकागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छः-

तालिका नं. २.१२

उत्तरपुस्तिका परीक्षण सम्बन्धी व्यवस्था

| क स | स्थान | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानीय तहमा | ६ | ४२.८ | |
| २ | विद्यालय स्तरमा | ५ | ३५.७ | |
| ३ | अन्तर विद्यालय | १ | ७.१ | |
| ४ | मुख्य विषय स्थानीय तह स्तरमा | २ | १४.२ | |

उत्तरपुस्तिका परीक्षण सम्बन्धी भएका अभ्यासमा ६ वटा स्थानीय तहमा स्थानीय परीक्षण केन्द्र कायम गरी उत्तर पुस्तिका परीक्षण भएको छ भने अन्यमा विध्यालय स्तर, अन्तर विद्यालय र मुख्य विषय स्थानीय तह  स्तरमा परीक्षण भएको देखिन्छ ।उत्तरपुस्तिका परीक्षणमा वैधता कायम गर्नको लागि स्थानीय स्तरमा दक्ष विषय शिक्षकहरुबाट उत्तरपुस्तिका परीक्षण गर्नु पर्ने व्यवस्था हुनु पर्नेमा यस किसिमको अभ्यास कम देखिन्छ ।

### २.२.३ उत्तरपुस्तिका परीक्षण र अङ्कन प्र क्रया

उत्तरपुस्तिका परीक्षण गर्दा अवलम्बन गरिने प्रक्रियाहरु फरक फरक हुने गर्दछन । वढि प्रचलनमा आउने अंकन प्रक्रयाहरुमा वुंदागत अंकन, श्रेणीगत अंकन र प्रश्नगत अंकन रहेका छन । स्थानिय तहहरुमा अहिले उत्तरपुस्तिका परीक्षण गर्दा अंग्रेजी, विज्ञान र सामाजिक विषयको उत्तरपुस्तिका परीक्षण गर्दा सवै परीक्षकहरुले पूर्ण अँकन विधी प्रयोग गरेको पाइयो । उत्तरपुस्तिका अँकनमा प्रश्नगत अँकन र श्रेणीगत अँकन गर्नुपर्नेमा कसैले पनि यी विधिहरु अवलम्वन गरेको पाइएको छैन ।

### २.२.४ वद्यार्थीका उत्तरहरुसँग असम्बन्धित तत्वहरुको बारेमा निर्णय

उत्तरपुस्तिका परीक्षणमा विद्यार्थीका उत्तरपुस्तिकामा उल्लेख हुने तर उत्तरसँग असम्बन्धित तत्वहरु जस्तै वाक्य वनोट, उत्तरपुस्तिकाको सफापन, व्याकरण, अनावश्यक व्याख्या, अक्षर, डिका आदि तत्वहरुलाई परीक्षण पूर्वनै के कति महत्व दिने भन्ने बारेमा निर्णय गरी अङ्कन कार्य सुरु गर्नु पर्दछ । यसले अङ्कनमा एकरुपता ल्याई परीक्षणमा विश्वसनियता कायम गर्न मद्दत गर्दछ । यस अध्ययनको क्रममा यस्ता तत्वहरुलाई केही प्राथमिकता दिइएको भएतापनि उत्तरपुस्तिका परीक्षणमा प्रश्नपत्रको जवाफको भाव व्यक्त भएको अवस्थामा पनि अङ्क दिने गरेको पाइयो ।

### २.२.५ परीक्षणसँग सम्बन्धित परीक्षकका धारणाहरु

आधारभूत तहको परीक्षा स्थानीय तहको जिम्मेवारीको विषय हो । स्थानीय तहहरुले परीक्षण र सम्परीक्षणका लागि नीति, नियम र मापदण्ड बनाइ कार्यान्वयन गरियो  भने परीक्षा मापनमा एकरुपता कायम गरी विश्वसनीयता ल्याउन सकिन्छ । प्रदेश तहबाट प्रदेशभरको परीक्षामा

एकरुपता कायम गर्न प्रदेशस्तरीय नीति, नियम र मापदण्ड बनाइ कार्यान्वयन गर्न आवश्यक छ । प्रदेश तहबाट स्थानीय तहसँगको समन्वयमा प्रश्नपत्र निर्माण कार्यशाला सञ्चालन, प्रश्न बैङ्क स्थापना, उत्तरपुस्तिका परीक्षण सम्परीक्षण कार्यशाला सञ्चालन गरी शिक्षकहरुको क्षमता विकास सम्बन्धी अपेक्षा रहेका छन् । उत्तरपुस्तिका परीक्षकहरुसँग अन्तवार्ताको माध्यमवाट सूचनाहरु संकलन गरिएको थियो । यस सम्बन्धमा परीक्षा सञ्चालनमा प्रदेश सरकारले समन्वय एवं अनुगमन गर्नु पर्ने, प्रश्नपत्रको निर्माण विज्ञहरुबाट मात्र गराउनु पर्ने, प्रदेश तहमा एकरुपता कायम गर्न पहल गर्नु पर्ने, उत्तरपुस्तिका परीक्षणको पारिश्रमिक उपयुक्त हुनुपर्ने र समयमै पाउनु पर्ने जस्ता प्रतिक्रियाहरु प्राप्त भएको थियो । साथै परीक्षकहरुलाई अभिमुखीकरण तालिम एवं कार्यशाला सञ्चालन गर्नुपर्ने, उत्तरपुस्तिकासँगै उत्तरकुञ्जिका वा अङ्कन निर्देशिका समेत उपलव्ध गराउनु पर्ने आदि उत्तरपुस्तिका परीक्षकका अपेक्षा रहेका थिए ।

## २.३ नतिजा तयारी र प्रयोग

परीक्षण र अङ्कन कार्य सम्पन्न भई सकेपछि प्राप्त सूचनाको उपयोग गरी निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको लागि उपयोग गर्नुपर्ने हुन्छ । निर्णयात्मक कार्य अन्तर्गत विद्यार्थीको स्तरवृद्धि सम्बन्धी निर्णय लिइन्छ भने निर्माणात्मक मूल्याङ्कन अन्तर्गत विद्यार्थी र विद्यालयको भावी शैक्षिक योजना निर्माण सम्वन्धी कार्यहरुमा उपयोग गर्नुपर्ने हुन्छ । यस अन्तर्गतका कार्यहरुलाई नतिजाको पूर्व तयारी, नतिजाको अन्तिम तयारी, नतिजाको विश्लेषण, नतिजाको जानकारी र नतिजाको उपयोग सम्वन्धी अभ्यासहरुलाई अध्ययन गरिएको थियो ।

### २.३.१ नतिजाको पूर्व तयारी

नतिजाको पूर्व तयारी गर्दा उत्तरपुस्तिका परीक्षणमा पनि स्थानीय तहले बनाएको योजना मुलुकमा कोभिड-१९ को प्रभावका कारण पूर्णरुपमा लागुहुन नसकेको देखिन्छ । स्थानीय तहले व्यवस्थित रुपले उत्तरपुस्तिका परीक्षणको योजना वनाए पनि मुलुकको बन्दाबन्दीको कारणले गर्दा सम्वन्धीत विद्यालयमा नै उत्तरपुस्तिका परीक्षण गरी प्राप्ताङ्क तालिका सम्बन्धित स्थानीय तहमा प्रमाणीकरणका लागि पठाउन लगाइएको पाइयो । केही स्थानीय तहले मुलुक बन्दाबन्दीको अवस्थामा भए पायक पर्ने विषयगत शिक्षकबाट सामाजिक दुरी कायम गरी स्थानीय तहहरुमा नै परीक्षण गराइएको पनि पाइयो । स्थानीय तहहरुमा परीक्षण र विद्यालयमा परीक्षण भएका हरुमा समेत नतिजाको पूर्वतयारी विद्यालयले एवं अन्तिम तयारी र प्रमाणीकरण स्थानीय तहले गरेको पाइयो ।

### २.३.२ नतिजाको अन्तिम तयारी

नतिजाको अन्तिम तयारी गर्दा स्थानीय तहले विभिन्न सफ्टवयर प्रयोग गरेको पाइयो । सफ्टवयरमा विविधता भएकाले नतिजाको पूर्वतयारी र अन्तिम तयारीमा पनि विविधाता भएको देखिन्छ । यस समस्याको समाधानका निम्ति प्रदेश सरकारवाट प्रदेश भरी एकरुपता हुने सफ्टवयरको विकास गरी लागु गर्न सकेमा उपयुक्त हुने धारणा सरोकारवालाहरुले व्यक्त गरे।

### २.३.३ नतिजाको वश्लेषण

नतिजा प्रकाशन गर्नुपूर्व सबै स्थानीय तहहरुले परीक्षा समितिमा छलफल गरेको बताए। नतिजा प्रकाशन गर्दा विद्यालय र विद्यार्थीको नतिजाको अवस्था हेरी कृपाङ्कको समेत व्यवस्था गरेको पाइयो । स्थानीय तहहरुमा नतिजा प्रकाशनका क्रममा ग्रेडवृद्धि परीक्षा सञ्चालन गर्न मुलुक बन्दाबन्दीको कारणले असम्भव देखिएकाले कृपाङ्क प्रदान गरी नतिजा प्रकाशन गरेको देखियो । यस्तो कृपाङ्क विद्यार्थीलाई विषयगत रुपमा १ अङ्कदेखि २९ अङ्कसम्म प्रदान गरेको पाइयो ।

### २.३.४ नतिजाको जानकारी

नतिजा प्रकाशन पश्चात अभिभावक लगायत अन्य सरोकारवालाहरुलाई नतिजाको जानकारी प्रदान गरी उनीहरुको शैक्षिक अवस्थाको आधारमा भावी शैक्षिक योजना निर्माणको कार्यमा उपयोग गर्न सकिन्छ। यस अध्ययनको अवधिमा मुलुक बन्दाबन्दिको अबस्थामा रहेकोले विद्यालयमा अभिभावकहरुलाई बोलाउने अवस्था नभएको हुँदा विद्यालयको सूचना पाटी, वेभसाइट लगायतका विद्युतीय माध्यमबाट परीक्षा नतिजा प्रकाशन गरेको पाइयो । केही विद्यालयहरुले आन्तरिक परीक्षामा अभिभावकहरुलाई अनिवार्य रुपमा विद्यालयमा बोलाइ विद्यालयका प्रधानाध्यापक, विषय शिक्षक, विद्यार्थी र अभिभावक बसेर नतिजाको बारेमा जानकारी प्रदान गरी छलफल गर्ने गरिएको बताएका थिए । सरोकारवालाहरुलाई नतिजाको जानकारी गराउन सम्भव नरहेका प्रतिक्रियाहरु प्राप्त भए ।

### २.३.५ नतिजाको उपयोग

नतिजाको प्रयोग सम्वन्धमा स्थानीय तह अनुसार फरक फरक प्रतिक्रियाहरु प्राप्त भएका थिए । तिनिहरुमध्ये प्रत्येक विद्यालयले शिक्षण सुधार योजना निर्माण गर्दा हालको औसत उपलब्धी र आगामी वर्षको अपेक्षित सिकाइ उपलब्धी तालिका बनाइ विद्यालयमा सबैले देख्ने गरी टाँसेर राख्ने गरिएको, आगामी बर्षको औसत सिकाइ उपलब्धी प्रक्षेपण गरिएको, नतिजाका आधारमा भावी योजना निर्माण गरिएको, कमजोर विद्यार्थीलाई अतिरिक्त शिक्षणको व्यवस्था समेत मिलाईएको पाइयो ।

## २.४ परीक्षा सुधारको ला ग गरिएको अपेक्षा

परीक्षा सुधारका लागि गरिएका अपेक्षा सम्बन्धमा सरोकारवालाहरुबाट विभिन्न प्रतिक्रियाहरु प्राप्त भएका छन । प्रदेश तहवाट समन्वय र सहजीकरणको भूमिका खेल्नुपर्ने, परीक्षा व्यवस्थापनमा एकरुपता कायम गरी अनुगमनलाई प्रभावकारी बनाउनु पर्ने, प्रदेशस्तरीय समान मापदण्ड लागु गर्नुपर्ने, परीक्षा व्यवस्थापनका लागि आवश्यक साधन र स्रोतको उचित व्यवस्थापन गर्नुपर्ने, एस.ई.ई जस्तै मोडेलमा लैजानु पर्ने अपेक्षा राखेको पाइयो । त्यसैगरी अन्य अपेक्षामा प्रश्न बैंक निर्माण गर्नुपर्ने, विषयगत शिक्षकको व्यवस्था हुनुपर्ने, शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्ने, प्रश्नपत्र निर्माणदेखि उत्तरपुस्तिका परीक्षणसम्मका लागि समय समयमा सम्बन्धित पक्षहरुलाई अभिमुखीकरण गर्नुपर्ने देखियो । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं, २.१३**
**परीक्षा सुधारको लागि गरिएका अपेक्षा**

| क्र.सं | अपेक्षा | स्थानीय तह संख्या | कैफियत |
|---|---|---|---|
| १ | परीक्षाका साधनहरुको व्यवस्थापन | १ | |
| २ | प्रश्न बैंक निर्माण | १ | |
| ३ | सरोकारवालाहरुलाई अभिमुखीकरण | ३ | |
| ४ | समन्वय र सहजीकरण | १ | |
| ५ | प्रदेश तहमा एकरुपताका लागि मापदण्ड | ६ | |
| ६ | अनुगमन | १ | |
| ७ | आर्थिक सहयोग | ३ | |

प्रदेश तहले परीक्षा सम्बन्धी मापदण्ड तयार गरी परीक्षा व्यवस्थापनमा एकरुपता कायम गर्नुपर्नेमा सबैभन्दा धेरै अपेक्षा गरेको पाइयो।त्यसै गरी परीक्षा सञ्चालनका लागि आर्थिक सहयोग र सरोकारवालाहरुलाई अभिमुखीकरण गर्नुपर्ने व्यहोरा सुझावका रुपमा प्राप्त भयो ।

# परिच्छेद - तीन

## प्राप्ति, निश्कर्ष र सुझाव

आधारभूत तह (कक्षा8-) उत्तीर्ण परीक्षा अध्ययन अन्तर्गत कक्षा ८ को अन्त्यमा हुने परीक्षा सञ्चालनको अवस्था पत्ता लगाउने, परीक्षाको स्तरीयता, प्रमाणीकरण र समकक्षतामा एकरुपता कायम गर्न आवश्यक कार्यसूची पेश गर्ने र परीक्षाको थप सुधारका लागि प्रदेश स्तरवाट गर्न सकिने सम्भाव्य कार्य सूची सहितको सुझाव दिने उद्देश्यले गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालयद्वारा यो अध्ययन गरिएको हो । गण्डकी प्रदेश अर्न्तगतका स्थानीय तहको प्रतिनिधित्व हुने गरी गरिएको यस अध्ययनका प्राप्ति, निश्कर्ष र सुझावहरु निम्नानुसार रहेका छन ।

### प्राप्ति :

- परीक्षा सञ्चालन सम्वन्धमा स्थानीय तहहरुमा स्थानीय शिक्षा ऐन, परीक्षा सञ्चालन कार्य विधि र मौजुदा शिक्षा ऐन जस्ता फरक फरक कानुनी अभ्यास रहेको पाइयो।
- स्थानीय तहमा परीक्षा समितिको अध्यक्षमा प्रमुख प्रशासकीय अधिकृत, जन प्रतिनिधि, शिक्षा प्रमुख सहित ३ देखि ६ जनासम्म सदस्यहरु रहेको पाइयो ।परीक्षा समितिको नेतृत्व ४३% स्थानीय तहमा शिक्षा प्रमुखलाई तोकिएको छ । प्रमुख प्रशासकीय अधिकृत र जनप्रतिनिधि गरी ५७ प्रतिशत अप्राविधिक र राजनीतिक व्यक्तिको नेतृत्वमा गठन गरिएको पाइयो ।
- स्थानीय तहले प्रश्नपत्र निर्माण कर्ताको छनौट परीक्षा सञ्चालन निर्देशिका अनुसार १, परीक्षा समितिले तोके अनुसार ११ र विषयगत दक्षताका आधारमा २ स्थानीय तहले गरेको पाइयो ।
- ८ वटा (५८ प्रतिशत) स्थानीय तहमा प्रश्न निर्माण कर्ताका लागि प्रश्नपत्र निर्माण पूर्व तालिम सञ्चालन भएको र ६ वटा (४२ प्रतिशत) स्थानीय तहमा तालिम सञ्चालन नगरी प्रश्नपत्र निर्माण भएको देखियो ।
- प्रश्नपत्र निर्माण र परिमार्जनमा तालिम प्राप्त शिक्षकबाट, रोष्टर शिक्षकबाट, समितिले तोके अनुसार र दक्ष शिक्षकहरुबाट गराउने फरक फरक अभ्यासहरु रहेको पाइयो।
- परीक्षा सञ्चालन स्थानीय तहको शिक्षा ऐन अनुसार ५० प्रतिशत, मौजुदा शिक्षा ऐन २०२८ (संसोधन सहित)अन्तर्गत १४ प्रतिशत र ३६प्रतिशतले परीक्षा सञ्चालन कार्यविधि निर्माण गरेको पाइयो ।
- प्रश्नपत्र निर्माणमा विशिष्टिकरण तालिकालाई आधार वनाएको पाइयो ।
- स्थानीय तहमा प्रश्न बैंकहरु खडा गरी प्रयोग गर्ने गरेको पाइएन।
- प्रश्नपत्रको छपाइ, गोपनीयता र सुरक्षा परीक्षा समितिलाई जिम्मा दिइएको पाइयो ।
- ६४ % स्थानीय तहले केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्षलाई अभिमुखिकरण गरेको र ३६% स्थानीय तहमा सामान्य निर्देशन मात्र दिइएको पाइयो ।

- सबै स्थानीय तहले परीक्षार्थीहरुलाई प्रश्नपत्रमा नै निर्देशन दिएको ।८ वटा स्थानीय तहले प्रवेशपत्र र उत्तरपुस्तिका छपाइ गरी निर्देशन समेत उल्लेख गरेको पाइयो ।
- परीक्षा सञ्चालनमा स्तरीयता ल्याउन एक वटा स्थानीय तहमा परीक्षा सञ्चालन कार्यविधि निर्माण गरेको पाइयो ।
- उत्तरपुस्तिका परीक्षणमा स्थानीय तहमा केन्द्र बनाएर, अन्तर विद्यालय केन्द्र बनाएर र विद्यालयस्तरमा विषय शिक्षकलाई जिम्मा दिएर परीक्षण गरेको पाइयो ।
- स्थानीय तहले ग्रेड वृद्धि परीक्षा सञ्चालनको विकल्पमा एकमुस्ठ कृपाङ्क (Grace Mark) व्यवस्था गरी विद्यार्थीहरुलाई ग्रेड वृद्धि गरेको पाइयो ।

## निश्कर्ष

गण्डकी प्रदेशमा आधारभूत तह (कक्षा ८) को अन्त्यमा हुने परीक्षा सञ्चालनको अवस्था पत्ता लगाउने, परीक्षाको स्तरीयता, प्रमाणीकरण र समकक्षतामा एकरुपता कायम गर्न आवश्यक कार्यसूची पेश गर्ने र परीक्षाको थप सुधारकालागि प्रदेशस्तरवाट गर्न सकिने सम्भाव्य कार्य सूची सहितको सुझाव दिन यो अध्ययन गरिएको थियो । स्थानीय तहवाट सञ्चालन र व्यवस्थापन हुने परीक्षामा विविधता हुनु स्वभाविक हो । यद्यपि शिक्षाका राष्ट्रिय तथा तहगत उद्देश्य हाँसिल गर्न यस तहको परीक्षामा एकरुपता आवश्यक छ । यसै परिवेशमा अध्ययन गर्दा, परीक्षा सञ्चालन सम्वन्धमा स्थानीय तहमा फरक फरक कानुनी अभ्यास हुन गरेको छ । सबै स्थानीय तहहरुमा परीक्षा समिति गठन भएका छन् । परीक्षा समितिको गठनमा समेत एकरुपता पाउन सकिएको छैन । प्रश्नपत्र निर्माण कर्ताको छनौट, प्रश्नपत्र निर्माणकर्तालाई तालिम आदि विषयमा समानता पाउन सकिएको छैन । प्रश्नपत्र निर्माण र परिमार्जनमा पनि फरक फरक अभ्यासहरु भएका छन् । परीक्षा सञ्चालनमा स्थानीय तहको शिक्षा ऐन/कार्यविधि र मौजुदा शिक्षा ऐनको अनुशरण गरिएको छ । प्रश्नपत्र निर्माणमा विशिष्टीकरण तालिकालाई आधार वनाइएको छ । प्रश्नपत्रको गुणस्तरको लागि प्रश्नपत्र विश्लेषण गरिएको छैन । कुनै पनि स्थानीय तहमा व्यवस्थित प्रश्न बैंक छैनन् । परीक्षा सञ्चालनसम्बन्धी सम्पूर्ण जिम्मा परीक्षा समितिमा रहेको छ । परीक्षा केन्द्रमा प्रश्नपत्र पुगेपछिको सम्पूर्ण जिम्मेवारी केन्द्राध्यक्षलाई दिइएको छ । केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्षलाई दिइने अभिमुखीकरण तालिम पर्याप्त छैन । प्रश्नपत्र छपाइमा एकरुपता भए पनि उत्तरपुस्तिका छपाइमा एकरुपता पाइएको छैन । परीक्षा व्यवस्थापन र सञ्चालनको समग्र अवस्था सन्तोषजनक छ । परीक्षा सञ्चालनमा स्तरीयता ल्याउन स्थानीय तह अनुसार सम्भाव्य प्रयासहरु भएका छन् । । परीक्षालाई मर्यादित, व्यवस्थित वनाउँदै एकरुपता कायम गर्न प्रदेश तहसँग अपेक्षा गरिएका छन् । मुलुकमा कोभिड-१९ का कारण बन्दाबन्दीको अवस्थाले उत्तरपुस्तिका परीक्षण पश्चातका कार्यहरुमा प्रत्यक्ष प्रभाव पारेको छ । कृपाङ्कको व्यवस्था गरी विद्यार्थीहरुको ग्रेड वृद्धि गरिएको छ । प्रतिकूल अवस्थामा प्राप्त नतिजा सुधारकालागि सरोकारवालाहरुको भावि शैक्षिक योजना निर्माणमा गरिएको प्रतिवद्धता राम्रो मान्न सकिन्छ ।

## सुझावहरु

- आधारभूत तह कक्षा ८ उत्तीर्ण परीक्षा सञ्चालन सम्वन्धमा प्रदेश भर एउटै नीति , मापदण्ड र कार्यक्रम तयार गरी कार्यान्वयन गर्नु आवश्यक छ ।
- स्थानीय तहहरुमा परीक्षा समितिको गठनमा एकरुपता ल्याउन आवश्यक छ ।
- स्थानीय तहले विद्यालय तहमा परीक्षा समिति गठन गरी सम्बन्धित पदाधिकारीहरूको क्षमता विकास गराउनुपर्छ।
- प्रश्नपत्र निर्माण सम्वन्धी कार्यमा एकरुपता ल्याउन र आधारभूत तह उत्तीर्ण परीक्षाका स्तरीय प्रश्नपत्र (कठिनाई स्तर, विभेदीकरण सूचक र विकर्षहरुको प्रभावकारिता) सहितको प्रश्न बैंक निर्माणमा प्रदेश तहबाट सहजीकरण गर्नुपर्ने देखिन्छ ।
- उत्तरपुस्तिका परीक्षणमा एकरुपता ल्याउन प्रश्नपत्र निर्माणसँगै उत्तरकुञ्जिका निर्माण र प्रयोग गर्न लगाउनु पर्छ ।
- कृपाङ्क दिने कार्यलाई निरूत्साहित गर्न नतिजा विश्लेषण गरी सरोकारवालाको सहभागितामा योजनाबद्ध सुधार कार्य गर्नुपर्दछ।
- विद्यार्थीको नतिजालाई आधार मानी सरोकारवालाहरुलाई सचेतनामूलक कार्यक्रमबाट क्षमता विकास गरी भावी शैक्षिक योजना निर्माण गर्नु आवश्यक छ ।

## सन्दर्भ सूची

कोइराला, प्रा.डा. विद्यानाथ र अधिकारी वालकृष्ण (२०६९) *शैक्षिक मापन तथा मूल्याङ्कन,* काठमाण्डौःपिनाकल पव्लिकेसन ।

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४,* नेपाल सरकार, कानुन किताव व्यवस्था समिति, काठमाण्डौं ।

*नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४,* नेपाल सरकार, शिक्षा मन्त्रालय सिहंदरवार, काठमाण्डौं।

Kerlinger, (2009:492). *Foundation of Behavioural Research*, Delh: Surseet Publication.

*विद्यार्थी उपलब्धीको राष्ट्रिय परीक्षण )*NASA*( २०१८ ,कक्षा ५)२०७६ ,(*शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी भक्तपुर ।

*शिक्षा ऐन, २०२८ः* कानुन किताव व्यवस्था समिति ,काठमाडौं ।

# अनुसूची : १

नमुना छनौटमा परेका जिल्लागत स्थानीय तहः

| क्र.स. | जिल्ला | स्थानीय तहको नाम | विद्यालयको नाम |
|---|---|---|---|
| १ | पर्वत | कुश्मा नगरपालिका | श्री नुवार सुवेदी थर माध्यमिक विद्यालय कुश्मा |
| | | | श्री नारायणी माध्यमिक विद्यालय |
| २ | पर्वत | मोदि गाउँपालिका | श्री जन जागृति माध्यमिक विद्यालय |
| ३ | वागलुङ्ग | वाग्लुङ्ग नगरपालिका | श्री धवलागिरी विरेन्द्र माध्यमिक विद्यालय रातामाट |
| | | | श्री धवलागिरी वहिरा माध्यमिक विद्यालय वाङ्गेचौर |
| ४ | म्याग्दी | वेनी नगरपालिका | श्री वेनी सामुदायी माध्यमिक विद्यालय |
| | | | श्री धवलागीरी माध्यमिक विद्यालय सिंगा |
| | | | श्री जमुना खर्क माध्यमिक विद्यालय |
| ५ | लम्जुङ्ग | मध्यनेपाल नगरपालिका | श्री ईशानेश्वर माध्यमिक विद्यालय |
| | | | श्री मंगला माध्यमिक विद्यालय |
| | | | श्री जनमन्दीर माध्यमिक विद्यालय |
| | | | श्री दुइ पिप्ले माध्यमिक विद्यालय |
| ६ | तनहुँ | शुक्लगण्डकी नगरपालिका | श्री हँस वाहिनि माध्यमिक विद्यालय कोत्रे |
| | | | श्री खैरानी माध्यमिक विद्यालय |
| ७ | तनहुँ | म्याग्दे गाउँपालिका | श्री गणेश माध्यमिक विद्यालय |
| | | | श्री जनगणपति माध्यमिक विद्यालय |
| ८ | कास्की | पोखरा महानगरपालिका | श्री सिर्जना वहिरा माध्यमिक विद्यालय |
| | | | श्री लक्ष्मी माध्यमिक विद्यालय |
| ९ | कास्की | अन्नपुर्ण गाउँपालिका | श्री वालमन्दिर माध्यमिक विद्यालय |
| | | | श्री सिर्जना माध्यमिक विद्यालय सिम्पाली |
| १० | नवलपुर | गैडाकोट नगरपालिका | श्री अमर ज्योतिमाध्यमिक विद्यालय गैडाकोट |
| | | | श्री रत्न राज्य माध्यमिक विद्यालय गैडाकोट |
| ११ | नवलपुर | देवचुली नगरपालिका | श्री कालिका माध्यमिक विद्यालय दलदले |
| | | | श्री सान्ति सृजना माध्यमिक विद्यालय |
| १२ | गोरखा | गोरखा नगरपालिका | श्री महेन्द्र ज्योति माध्यमिक विद्यालय |
| | | | श्री शक्ति माध्यमिक विद्यालय पातिचौर |
| | | | श्री महालक्ष्मी माध्यमिक विद्यालय लक्ष्मी वजार |
| | | | श्री महेन्द्र माध्यमिक विद्यालय कुन्दर |
| १३ | स्याङ्जा | पुतलिवजार नगरपालिका | श्री सरस्वती माध्यमिक विद्यालय पुतलीवजार |
| | | | श्री वालहित आधारभूत विद्यालय |
| १४ | स्याङ्जा | फेदीखोला गाउँपालिका | श्री सिदार्थ माध्यमिक विद्यालय फेदीखोला |
| | | | श्री दामगाडे माध्यमिक विद्यालय दामगाडे |

# अनुसूची : २

## स्थानीय तहको शिक्षा शाखा प्रमुखका लागि प्रश्नावली

गण्डकी प्रदेश अन्तर्गत स्थानीय तहबाट सञ्चालित (कक्षा ८) को परीक्षा विश्लेषण गर्ने उद्देश्यले गर्न लागिएको यस अध्ययनमा तपाईलाई उत्तरदाताको रुपमा छनोट गरिएको छ.। आफ्नो जानकारीमा भए सम्मका तथ्य, सूचना तथा जानकारी उपलव्ध गराइ सहयोग गरीदिनु होला । प्राप्त सूचनाहरुको गोप्यता कायम गरी यसै अध्ययन प्रतिवेदन निर्माण कार्यमा वाहेक अन्यत्र प्रयोग गरिने छैन ।

तल उल्लेखित प्रश्नपत्रहरुमा आवश्यकता अनुसार रेजा चिन्ह (√) लगाएर वा खाली ठाउँ भरी जानकारी दिनु होला ।

१. आधारभूत तहको परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानुनी व्यवस्था

क. मौजुदा शिक्षा ऐन तथा नियमावली अनुसार

ख. स्थानीय तहको शिक्षा ऐन नियमावली अनुसार

ग. शिक्षा तथा परीक्षा सञ्चालन कार्यविधि अनुसार

घ. अन्य कुनै भए उल्लेख गर्नुहोस् ।

.........................................

२. नियमानुसार परीक्षा समितिको गठन भएको छ ?

क. छ ख. छैन

यदि छ भने समिति गठनको ढाँचा उल्लेख गर्नुहोस् ।

अध्यक्ष :

सदस्यहरु :

सदस्य सचिव :

३. प्रश्नपत्र निर्माण कर्ताको छनौट के कसरी गरिन्छ ?

क. परीक्षा समितिले तोके अनुसार

ख. सदस्य सचिवको स्वविवेकले

ग. विषयगत दक्ष र जेष्ठ शिक्षकवाट

घ. अन्य कुनै भए उल्लेख गर्नुहोस

४. प्रश्नपत्र निर्माणकर्तालाई तालिम तथा कार्यशाला सम्बन्धि व्यवस्था

क. छ ख. छैन

छ, भने तालिम दिइयो कि दिइएन

दिइएको भए अवधि ( ..........दिन, ............ घण्टा)

५. प्रश्नपत्र निर्माण र परिमार्जन सम्वन्धी व्यवस्था

क. तालिम प्राप्त शिक्षकबाट मात्र

ख .अन्यबाट पनि गराइन्छ

६ प्रश्नपत्र छपाइ, सुरक्षा र गोपनीयता सम्वन्धी सुनिश्चिता कसरी गरिन्छ रु

................................................

८ प्रश्नपत्रवितरण र ढुवानी कसरी गरिन्छ रु

क सम्वन्धी परीक्षा केन्द्रमा पर्र्याईदिने

ख केन्द्राध्यक्ष  स्थानीय तहमा आएर बुझ्ने

९. केन्द्राध्यक्ष र सहायक केन्द्राध्का लागि तालिम र अभिमुखिकरण

क.भयो ख. भएन

ग सामान्य निर्देशन

१०. परीक्षा सञ्चालन सम्बन्धी निर्देशिका तयारी गर्नु भएको

क. छ ख. छैन

११. वितरण गरिएका  प्रश्नपत्रको गोपनीयता र सुरक्षा कसरी राखे ?

क. केन्द्राध्यक्षलाई जिम्मा दिने

ख. परीक्षा समिति संयोजकको जिम्मा

ग. अन्य भए उल्लेख गर्नुहोस्

...............................................

१२. उत्तरपुस्तिका परीक्षणसम्बन्धी व्यवस्था

क स्थानीय तहहरुस्तरमा केन्द्र बनाएर

ख विद्यालय विद्यालयमा केन्द्र बनाएर

ग. अन्तर विद्यालय परीक्षण केन्द्र बनाएर

घ. विषय शिक्षकलाई  जिम्मा दिएर

१३. परीक्षाको व्यवस्थापन सम्बन्धि थप गर्नु पर्ने भए जानकारी गराइदिनुहोला,

................................................................................

१४. परीक्षा सुधार सम्वन्धमा प्रदेश स्तरबाट गरिएको अपेक्षा सम्वन्धमा

....................................................................................

सूचना प्रदान गर्नेको सहीः छापः

नामः

पद : स्थानीय तहः

# अनुसूची ः ३

## प्रश्नपत्र निर्माणकर्ता र विषय विज्ञ शिक्षकका लागि प्रश्नावली

गण्डकी प्रदेश अन्तर्गत स्थानीय तहबाट सञ्चालित (कक्षा ८) को परीक्षा विश्लेषण गर्ने उद्देश्यले गर्न लागिएको यस अध्ययनमा तपाईलाई उत्तरदाताको रुपमा छनोट गरिएको छ । आफ्नो जानकारीमा भए सम्मका तथ्य, सूचना तथा जानकारी उपलव्ध गराइ सहयोग गरीदिनु होला । प्राप्त सूचनाहरुको गोप्यता कायम गरी यसै अध्ययन प्रतिवेदन निर्माण कार्यमा वाहेक अन्यत्र प्रयोग गरिने छैन ।

तल उल्लेखित प्रश्नपत्रहरुमा आवश्यकता अनुसार रेजा चिन्ह (√) लगाएर वा खाली ठाउँ भरी जानकारी दिनु होला ।

अ. प्रश्नपत्र निर्माण गर्दा अपनाइएका प्रक्रिया तथा चरणहरु

१. प्रश्नपत्र निर्माणको योजना निर्माण　　क. गरिन्छ　　ख. गरिदैन

२. विशिष्ट उद्देश्यको निर्माण

क. पाठ्यक्रमका आधारमा　　ख. शिक्षक निर्देशिकाको आधारमा

ग. पाठ्यपुस्तकको आधारमा　　घ. अन्य भए ..............................

३. विशिष्टकरण तालिकाको प्रयोग

क. छ　　ख. छैन

४. विशिष्टकरण तालिका अनुसार सान्दर्भिक प्रश्नपत्रहरुको लेखन

क. छ　　ख. छैन

५. प्रश्नपत्रहरुको क्रमवद्धता निर्धारण के आधारमा गरिन्छ (

क कठिनाई स्तर　　ख. पाठको आधार

ग. अङ्कभारको आधार　　घ. प्रश्नपत्रको तहको आधार

ङ. अन्य भए, ....................................................

६. प्रश्नपत्रहरुको विश्लेषण र छनौट

क. कठिनाई स्तर　　ख. विभेदिकरण सूचक

ग विषय विज्ञ　　घ अन्य

७. उत्तरकुन्जिकाको निर्माण गरिएको छ, छैन

क. छ　　ख. छैन

८. परीक्षार्थर्ीका लागि निर्देशन उल्लेख गरिएको,

क. छ　　ख. छैन

९. पुनरावोलकन र सम्पादन कसरि गरिन्छ ?

क. समितिबाटै　　ख. विज्ञबाट

ग. निर्माणकर्ताबाट　　घ. अन्य　　भए ...........................

१०. गोपनीयता र सुरक्षा कसरी गरिन्छ, उल्लेख गर्नुहोस् ।

.....................................................................

आ. प्रश्नपत्र निर्माण सम्बन्धी अन्य थप सूचना ।

.......................................................................................

इ. परीक्षा सुधार सम्वन्धमा प्रदेश स्तरबाट गरिएको अपेक्षा ।

.......................................................................................

सूचना प्रदान गर्नेको सहीः छापः

नामः

पद :

स्थानीय तहः

## अनुसुची ४

**(परीक्षा केन्द्र अवलोकन फाराम)**

गण्डकी प्रदेश अन्तर्गत स्थानीय तहबाट सञ्चालित (कक्षा ८) को परीक्षा विश्लेषण गर्ने उद्देश्यले गर्न लागिएको यस अध्ययनमा यस केन्द्रलाई छनोट गरिएको छ । केन्द्रमा अवलोकन गर्दा उपलव्ध भएका तथ्य, सूचना तथा जानकारीहरुलाई अवलोकन कर्ताले निश्पक्ष भई तल उल्लेखित अवलोकन फारम भरी सहयोग गरीदिनु होला । प्राप्त सूचनाहरुको गोप्यता कायम गरी यसै अध्ययन प्रतिवेदन निर्माण कार्यमा वाहेक अन्यत्र प्रयोग गरिने छैन ।

तल उल्लेखित व्यवहारहरुको तहमा आफ्नो मूल्याङ्कन गरी व्यवहारको तह अनुसार उपयुक्त श्रेणीमा रेजा चिन्ह लगाउनुहोस् ।

| क.स | व्यवहार | राम्रो | मध्यम | कमजोर | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रश्नपत्रहरुको समयमै उपलब्धता | | | | |
| २ | प्रश्नपत्रको प्रर्याप्तता | | | | |
| ३ | छपाइ सम्बन्धी शुद्धता | | | | |
| ४ | उत्तर पुस्तिकाको पर्याप्तता | | | | |
| ५ | विद्यार्थीलाई समय तालिकाको पूर्व जानकारी | | | | |
| ६ | विद्यार्थीको लागि उत्प्रेरणा र प्रोत्साहन (कक्षाकोठामा) | | | | |
| ७ | विशेष आवश्यकता भएका विद्यार्थीहरुको लागि व्यवस्था | | | | |
| ८ | निरीक्षकको लागि निर्देशन | | | | |
| ९ | सिट प्लानिङको अवस्था | | | | |
| १० | परीक्षा हल र कोठाको जानकारीको अबस्था | | | | |
| ११ | विद्यार्थीको लागि थप सामग्रीको व्यवस्था | | | | |
| १२ | पानी, शौचालयको व्यवस्था | | | | |
| १३ | डेक्स वेन्चको रखाईको व्यवस्थापन(लेख्न र वस्न) सहज | | | | |
| १४ | समयको सूचना व्यवस्था | | | | |
| १५ | सुरक्षाको व्यवस्था | | | | |
| १६ | कक्षाकोठामा हावा र प्रकाशको व्यवस्था | | | | |
| १७ | सिट प्लानिङ अनुसार बसाइ | | | | |
| १८ | प्रवेशपत्रको व्यवस्था | | | | |
| १९ | विद्यार्थीसँग अवैध सामग्रीको व्यवस्थापन | | | | |
| २० | परीक्षामा अनुशासन र मर्यादाको अवस्था | | | | |
| २१ | विद्यार्थीहाजिरी संकलन अवस्था | | | | |
| २२ | निरीक्षकको व्यवहार | | | | |
| २३ | अनुगमन र निरीक्षणको अवस्था | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | उत्तरपुस्तिकाको संकलन र गणनाको अवस्था | | | | |
| २५ | उत्तरपुस्तिकाको क्रमवद्धताको अवस्था | | | | |
| २६ | प्याकिङ्क र सुरक्षाको अवस्था | | | | |
| २७ | अन्य केही भए उल्लेख गर्नुहोस | | | | |

अवलोकन गर्नेको सहीः

नाम :

पद

स्थानीय तह र विद्यालय मिति

## अनुसूची : ५

उत्तरपुस्तिका परीक्षणसँग सम्बन्धित परीक्षकका लागि अन्तर्वार्ता निर्देशिका

गण्डकी प्रदेश अन्तर्गत स्थानीय तहबाट सञ्चालित (कक्षा ८) को परीक्षा विश्लेषण गर्ने उद्देश्यले गर्न लागिएको यस अध्ययनमा तपाईलाई उत्तरदाताको रुपमा छनोट गरिएको छ.आफ्नो जानकारीमा भए सम्मका तथ्य, सूचना तथा जानकारी उपलव्ध गराइ सहयोग गरीदिनु होला. प्राप्त सूचनाहरुको गोप्यता कायम गरी यसै अध्ययन प्रतिवेदन निर्माण कार्यमा वाहेक अन्यत्र प्रयोग गरिने छैन ।

१. परीक्षक विवरण सम्वन्धमा (परीक्षक, विद्यालय, विषय)
२. यस वर्षसञ्चालित कक्षा(८ को प्रश्नपत्रसम्वन्धमा (सवल र सुधार गर्नु पर्ने पक्ष)
३. उत्तरपुस्तिका परीक्षणको लागि उत्तरकुञ्जिका अथवा अङ्कन निर्देशिका सम्वन्धमा,
क. परीक्षा समितिबाट प्राप्त हुन्छ ख. आफै तयार गर्नुहुन्छ (
ग. अन्य ..............................................
४. उत्तरपुस्तिका परीक्षण गर्दा अवलम्बन गरिने प्रक्रिया सम्वन्धमा
(वुदागत अङ्कन ,श्रेणीगत अङ्कन ,प्रश्नपत्रगत अङ्कन)
५ असम्वन्धीत तत्वहरु सम्वन्धमा (भाषा, सफापन, व्याकरण, अनावश्यक गफ)
६ सम्परीक्षण सम्वन्धमा
७ परीक्षणसँग सम्वन्धीत अन्य
८ परीक्षा सुधार सम्वन्धमा प्रदेश स्तरबाट गरिएको अपेक्षा सम्वन्धमा

| | |
|---|---|
| सूचना प्रदान गर्नेको | अन्तर्वार्ता लिनेको |
| नाम | नाम |
| पद | पद |
| स्थानीय तह र विद्यालय | |
| मितिः | |

## अनुसूची ः ६

### विद्यालय परीक्षा प्रशासनसँग सम्बन्धित अधिकारीका लागि अन्तर्वार्ता निर्देशिका

गण्डकी प्रदेश अन्तर्गत स्थानीय तहबाट सञ्चालित (कक्षा ८) को परीक्षा विश्लेषण गर्ने उद्देश्यले गर्न लागिएको यस अध्ययनमा तपाईलाई उत्तरदाताको रुपमा छनोट गरिएको छ.आफ्नो जानकारीमा भए सम्मका तथ्य, सूचना तथा जानकारी उपलव्ध गराइ सहयोग गरीदिनु होला. प्राप्त सूचनाहरुको गोप्यता कायम गरी यसै अध्ययन प्रतिवेदन निर्माण कार्यमा वाहेक अन्यत्र प्रयोग गरिने छैन ।

१. नतिजा तयारी सम्वन्धमा (विद्यालय वा स्थानीय तहहरु तहमा कहाँ के कसरी)
२. नतिजा निर्माण र अन्तिम रुप सम्वन्धमा (ग्रेस)
३. नतिजाको विश्लेषण वा समिक्षा सम्वन्धमा(विद्यालय वा स्थानीय तहहरु तहमा कहाँ के कसरी)
४. सरोकारवालालाई नतिजाको जानाकारी सम्वन्धमा (शिक्षक, अभिभावक)
५. पृष्ठपोषण सम्बन्धी व्यवस्था सम्वन्धमा
६. नतिजा विश्लेषणको प्रयोग सम्वन्धमा (शैक्षिक प्रशासनिक तथा पथ प्रदर्शन)
७. नतिजा विश्लेषण गरी भावि शैक्षिक योजना निर्माण सम्वन्धमा
८. नतिजा विश्लेषण सम्बन्धी थप अन्य जानकारी सम्वन्धमा
९. परीक्षा सुधार सम्वन्धमा प्रदेश स्तरबाट गरिएको अपेक्षा सम्वन्धमा

सूचना प्रदान गर्नेको
नाम :
पद :
स्थानीय तह र विद्यालय :
मिति :

अन्तर्वार्ता लिनेको
नाम :
पद :